# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १६७ | काठमाडौं | बुधबार, २१ असोज २०८३ | Prabhab National Daily | Wednesday, 07 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


न्याय परिषद्को विवादित निर्णय

# वरीयता मिचेर सर्वोच्चमा चार न्यायाधीश सिफारिस


डा. रत्नबहादुर बागचन्द


चन्द्रबहादुर सारु


जनक पाण्डे


गोकर्ण डाँगी

■ जेबी योञ्जन

**काठमाडौं–** सर्वोच्च अदालतमा चार जना न्यायाधीश सिफारिस गर्ने निर्णयमै न्याय परिषद् विभाजित भएको छ। पाँच सदस्यीय परिषद्का दुई सदस्यले सिफारिस प्रक्रियामै असहमति जनाउँदै फरक मत राखेका छन्।

वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले चार जनाकै छनोट प्रक्रियामाथि प्रश्न उठाएकी छन्। परिषद् सदस्य महेश नेपालले दुई न्यायाधीशको नाममामात्रै विमति जनाएका छन्। सदस्य नेपालले उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्द र न्यायाधीश चन्द्रबहादुर सारुको नाममा आपत्ति जनाएका छैनन्। तर, जनक पाण्डे र गोकर्ण डाँगीको नाम सिफारिस गर्दा वरिष्ठताक्रममा धेरै तल झरिएको भन्दै उनले फरक मत राखेका हुन्।

सर्वोच्चकी वरिष्ठतम न्यायाधीश मल्लको असहमति भने सिफारिसको समग्र प्रक्रियामै छ। न्यायाधीश छनोट गर्दा विधि, प्रक्रिया र वस्तुपरक आधार नअपनाइएको तथा वरिष्ठताक्रममा रहेका न्यायाधीशलाई पन्छाएर बीचबाट नाम छनोट गरिएको भन्दै उनले

> ⏭ न्यायाधीश सिफारिसमै न्याय परिषद्का दुई सदस्य वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल र महेश नेपालको फरक मत
> ⏭ मल्लले चारै नामको छनोट प्रक्रियामाथि उठाइन् प्रश्न
> ⏭ न्यायाधीश सिफारिसको निर्णयप्रति नेपाल बार एसोसिएसनको पनि असहमति

फरक राय लेखेकी छन्।

न्याय परिषद्को मंगलबार बसेको बैठकले उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्द तथा अन्य विभिन्न उच्च अदालतका न्यायाधीश चन्द्रबहादुर सारु, जनक पाण्डे र गोकर्ण डाँगीलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको हो। परिषद्ले बागचन्दलाई भने उच्च अदालतका मुख्य न्यायाधीशको वरिष्ठताक्रमअनुसार नै सिफारिस गरेको छ। उनी मुख्य न्यायाधीशको वरीयतामा पहिलो नम्बरमा छन्। २०६६ सालदेखि न्याय सेवामा प्रवेश गरेका बागचन्द दुई वर्षदेखि उच्च अदालतको मुख्य न्यायाधीशका रूपमा कार्यरत छन्।

तर, त्यसपछि वरिष्ठताक्रमलाई निरन्तरता दिइएको छैन। मुख्य न्यायाधीशको वरीयतामा रहेका राजनप्रसाद भट्टराई, लालबहादुर कुँवर, हरिप्रसाद भण्डारी र राजेश्वर तिवारीलाई छाडेर पाँचौं वरीयताका चन्द्रबहादुर सारुलाई सर्वोच्चमा सिफारिस गरिएको छ। त्यस्तै, सारुभन्दा अगाडि वरिष्ठताक्रममा रहेका उच्च अदालतका न्यायाधीश दिनेशप्रसाद यादव, कृष्णलाल भट्टराई, यमुना भट्टराई र टेकनारायण कुँवर पनि सिफारिसमा परेका छैनन्।

परिषद्का एक सदस्यका अनुसार वरिष्ठ न्यायाधीशलाई छाडेर कनिष्ठलाई सिफारिस गर्नुको आधार र औचित्य निर्णयमा स्पष्ट खुलाइएको छैन। यही विषयलाई लिएर वरिष्ठतम न्यायाधीश मल्लले फरक मत राखेकी हुन्। उनले संविधान, ऐन तथा न्यायका मूल्यमान्यतासँग मेल नखानेगरी नाम सिफारिस गर्न खोजिएको भन्दै प्रश्न उठाएकी छन्। सिफारिसको आधार पारदर्शी, वस्तुपरक र विश्वासिलो नभएको उनको निष्कर्ष छ।

⏭ क्रमशः पृष्ठ २ मा

कांग्रेसको १५औं महाधिवेशन

# सभापतिमा गगनसँग भिड्दै किशोरसिंह र श्यामकृष्ण


गगनकुमार थापा


श्यामकृष्ण खड्गी


किशोरसिंह राठौर

- ⏭ वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध निर्वाचित
- ⏭ महिला महामन्त्री बन्ने ढुक्का भएकी महालक्ष्मी उपाध्यायविरूद्ध आफ्नै जिल्लाकी रीता खनालको उम्मेदवारी
- ⏭ विशेष महाधिवेशनबाट गगनको साथ आएका महामन्त्री प्रदीप पौडेल र गुरूराज घिमिरेको सोही पदमा दोहोरिने प्रयासमा चुनौती
- ⏭ आज असोज बिहान ९ देखि १० बजेसम्म उम्मेदवारी फिर्ता र बिहान १० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन
- ⏭ असोज २२ गते बिहान ७:३० बजेदेखि दिउँसो २ बजेसम्म मतदान

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको सभापति पदमा तीन जनाको उम्मेदवारी परेको छ। काठमाडौंमा जारी १५औं महाधिवेशनअन्तर्गत मंगलबार भएको मनोनयन दर्ताका क्रममा आगामी नेतृत्वका लागि तीन जनाको उम्मेदवारी परेको हो।

विशेष महाधिवेशनबाट सभापति बनेका गगनकुमार थापासँगै श्यामकृष्ण खड्गी र किशोरसिंह राठौरले सभापति पदमा उम्मेदवारी दिएका छन्। जारी महाधिवेशनमा राठौर र खड्गीले उम्मेदवारी दिए पनि दुवैजना कमजोर पात्र हुन्।

⏭ क्रमशः पृष्ठ २ मा

## कुन पदमा को-को भिड्दै ?

**सभापति**
गगनकुमार थापा, श्यामकृष्ण खड्गी र किशोरसिंह राठौर

**वरिष्ठ उपसभापति**
विश्वप्रकाश शर्मा

**उपसभापति (खुला)**
डा. चन्द्रमोहन यादव, सुरेन्द्रराज पाण्डे, डा. मीनेन्द्र रिजाल, गोविन्द भट्टराई, देवराज चालिसे, मधुप्रसाद आचार्य, धनराज गुरूङ, दीपक गिरी र डा.चन्द्र भण्डारी

**समावेशी उपसभापति**
विनोद चौधरी, फरमुल्लाह मन्सुर, जीवन परियार, रञ्जित कर्ण, सीता गुरूङ

**महिला उपसभापति**
पुष्पा भुसाल

**महामन्त्री (महिला)**
डिला संग्रौला, रीता खनाल र महालक्ष्मी उपाध्याय 'डिना'

**महामन्त्री (खुला)**
शंकर तिवारी, सुनिल शर्मा, नैनसिंह महर, प्रदीप पौडेल, गुरूराज घिमिरे, अमरसिंह पुन, उदयशमशेर राणा र सन्तोष उपाध्याय

**सहमहामन्त्री (खुला)**
अमृत अर्याल, रामहरि खतिवडा, अजयबाबु शिवाकोटी, दिनेश कोइराला, विमलराज क्षेत्री, देवेन्द्रराज कँडेल र डिल्लीराम सुवेदी

**सहमहामन्त्री (महिला)**
नानु बस्तोला र प्रतिमा गौतम

**खस आर्य**
जगदीशनरसिंह केसी, मनोजमणि आचार्य र शुभराम बस्नेत

**आदिवासी जनजाति**
बहादुरसिंह लामा र तारामान गुरूङ

**मधेस सहमहामन्त्री**
महेन्द्र यादव, अजय चोरासिया, नागिना यादव, किरण यादव, अभिशेकप्रताप शाह, रामपल्टन साह, मनिषकुमार मिश्र र मुक्तकुमारी यादव

**दलित सहमहामन्त्री**
नरेन्द्र पासवान, प्रकाश रसाइली, लक्ष्मी परियार र मानबहादुर नेपाली

**थारु सहमहामन्त्री**
तेजुलाल चौधरी, योगेन्द्र चौधरी र सुरेन्द्रप्रसाद चौधरी

**अल्पसंख्यक/अपांगता सहमहामन्त्री**
नगेन्द्र कुमाल, योगेश गौचन र आङ्गेलु शेर्पा

**मुसालमान**
फिर्दोस आलम, अब्दुल सत्तार र अहतर कमल मुसालमान

**पिछडिएको क्षेत्र**
कर्णबहादुर बुढा, जनकराज गिरी, मिन भाम, नारायणप्रसाद भट्टराई, राजन कुँवर, जीवनबहादुर शाही र रामबहादुर विष्ट

सन्दर्भः वैदेशिक रोजगार

इजरायल रोजगारी

# गोलाप्रथामा छनोट नभएकाले पुनः नयाँ आवेदन दिनुपर्ने

### सबै प्रक्रिया पूरा गरेर नयाँ आवेदन दिन विभागको आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** इजरायल जान आवेदन दिएर छनोट नभएकाहरूले अंग्रेजी भाषा परीक्षा उत्तीर्ण गरेर पुनः आवेदन दिनपर्ने भएको छ। वैदेशिक रोजगार विभागले सन् २०२४ मा इजरायलको रोजगारीका लागि आवेदन दिएर गोलाप्रथामा छनोट हुन नसकेकाहरूलाई सबै प्रक्रिया पूरा गरेर नयाँ आवेदन दिन भनेको हो।

विभागले सोमबार एक सूचना जारी गर्दै हाल प्रकाशित विज्ञापनमा सहभागी हुन चाहनेहरूले क्यामब्रिजको 'अपस्किल इंग्लिस टेस्ट' पास गरेर विभागको अनलाइन प्रणालीबाट आवेदन दिनसक्ने स्पष्ट पारेको छ। सन् २०२४ मा इजरायलको दिर्घकालीन स्यहार केन्द्र (केयरगिभर)का लागि तीन हजार ४६१ वटा आवेदन स्वीकृत भएका थिए। आवेदन स्वीकृत भएकामध्येबाट इजरायल जानका लागि दुई हजार ११२ जना गोलाप्रथाबाट छनोट हुँदा एक हजार १५३ जना छनोट भएका थिएनन्।

इजरायलले विगतमा आवेदन स्वीकृत भएर पनि चिट्ठामा छनोट नभएकाहरूलाई पनि रोजगारीको अवसर दिएपछि मात्र नयाँ आवेदन खुलाउने गरेको थियो। जसकारण आफूहरूले पनि विगतको जसरी रोजगारीको अवसर पाउने भन्ने आशमा बसेका युवाहरू नयाँ आवेदन खुलेपछि गत जेठमा आन्दोलितसमेत भएका थिए।

छनोट नभएकाहरूले अझै पनि आफूहरूले रोजगारी पाउने/नपाउने विषयमा पटक-पटक जिज्ञासा राख्ने गरेको विभागले जनाएको छ। विभागले इजरायलको पपुलेसन इमिग्रेसन एण्ड बोर्ड अथोरिटी (पिवा)सँग समन्वय गर्दा इच्छुक उम्मेदवारले अंग्रेजी परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने स्पष्ट पारेको विभागले जनाएको छ। विभागले यसअघि पनि लट्री (चिट्ठा)बाट छनोट हुन नसकेका उम्मेदवारले तोकिएको अंग्रेजी भाषाको मापदण्डलगायत सर्तहरू पूरा गरेर आवेदन दिनसक्ने भनिसकेको छ।

गत जेठमा खुलेको आवेदनमा इजरायलले दुई हजार ३०० कामदार माग गरे पनि अंग्रेजी भाषा परीक्षामा एक हजार २३१ मात्र उत्तीर्ण भएपछि मागअनुसारको कामदार पाएको थिएन।

⏭ क्रमशः पृष्ठ २ मा

## बहराइनमा विदेशी श्रमिकलाई अस्थायीरूपमा रोजगारदाता फेर्ने व्यवस्था

**काठमाडौं (प्रस)–** बहराइनले विदेशी श्रमिकलाई एउटै 'वर्क परमिट' कायम राखेर अर्को रोजगारदातासँग पनि अस्थायीरूपमा काम गर्न पाउने व्यवस्था गरेको छ। नयाँ नियमअनुसार विदेशी श्रमिकले बढीमा तीन महिनासम्म दोस्रो रोजगारदाताका लागि काम गर्न पाउने जनाइएको छ।

बहराइनको श्रमबजार नियमन प्राधिकरण (एलएमआरए)ले २०२६ को निर्णय नम्बर २ मार्फत यस्तो व्यवस्था गरेको 'न्युज अफ बहराइन'ले जनाएको छ। यसले विदेशी श्रमिकको वर्क परमिटसम्बन्धी सन् २००८ को नियम संशोधन गरेको भनिएको छ। घरेलु कामदारका लागि भने यो नियम लागू नहुने जनाइएको छ। समाचारका अनुसार नयाँ व्यवस्थाले रोजगारदाताबीच अस्थायीरूपमा श्रमिक परिचालन गर्न सक्ने बाटो खोलेको छ। तर त्यसका लागि श्रमिकको सहमति आवश्यक पर्छ। अस्थायीरूपमा अर्को रोजगारदाताकोमा पठाइएका श्रमिकको अधिकार संरक्षणको जिम्मेवारी दुवै रोजगारदाताको हुने छ। श्रमिकको तलब, कामको अवस्था र अन्य रोजगार अधिकारमा असर नपर्नेगरी व्यवस्था कार्यान्वयन गर्नुपर्ने जनाइएको छ।

साथै, एउटै रोजगारदाताका अन्य कम्पनीमा पनि श्रमिकलाई अस्थायीरूपमा पठाउन सकिने छ। त्यस्ता कम्पनीको व्यावसायिक दर्ता नम्बर फरक भए पनि व्यवस्था लागू हुने भनिएको छ। नयाँ व्यवस्थाले बहराइनका रोजगारदातालाई आवश्यकताअनुसार श्रमिक परिचालन गर्न सहज बनाउने अपेक्षा गरिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

# असोज २३ देखि दसैंका लागि अग्रिम टिकट बुकिङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** यस वर्षको दसैंमा घर जाने यात्रुका लागि यही असोज २३ गतेदेखि टिकट बुकिङ खुला गरिने भएको छ।

यातायात व्यवस्था विभागमा मंगलबार नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौला, विभागका महानिर्देशक राजीव पोखरेलसहितका पदाधिकारीसहित बसेको बैठकले सो निर्णय गरेको हो। बैठकपश्चात् महानिर्देशक पोखरेलले दसैंमा यात्रुको सहज, सुरक्षित र व्यवस्थित आवागमन सुनिश्चित गर्न असोज २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला गरिने जानकारी दिएका छन्। उनले मंगलबार सञ्चारकर्मीसँग कुरा गर्दै दसैंका लागि यातायात व्यवस्थापनको आवश्यक तयारी भइरहेको जानकारी गराए।

दसैंको समयमा राजधानीबाट विभिन्न जिल्लातर्फ जाने यात्रुको चाप बढ्ने भएकाले अग्रिम टिकट बुकिङ, सवारीसाधनको व्यवस्थापन तथा यात्रु सेवासम्बन्धी तयारीलाई प्राथमिकता दिइएको विभागले जनाएको छ।

महानिर्देशक पोखरेलका अनुसार यात्रुलाई सहजरूपमा गन्तव्यसम्म पुग्ने वातावरण बनाउन सम्बन्धित निकाय, यातायात व्यवसायी तथा सुरक्षा निकायसँग आवश्यक समन्वय भइरहेको छ। यात्रुको चापलाई मध्यनजर गर्दै यातायात सेवा व्यवस्थित र सुरक्षित बनाउन आवश्यक व्यवस्था मिलाइने उनले बताए।

दसैंमा यात्रुलाई अनावश्यक दुःख नहोस्, टिकट पाउन समस्या नहोस् र सुरक्षितरूपमा यात्रा गर्न सकून् भन्ने उद्देश्यले अग्रिम टिकट बुकिङ तथा यातायात व्यवस्थापनको तयारी अघि बढाइएको विभागले जनाएको छ।



> दसैंमा यात्रुको सहज, सुरक्षित र व्यवस्थित आवागमन सुनिश्चित गर्न असोज २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला गरिने छ। राजधानीबाट विभिन्न जिल्लातर्फ जाने यात्रुको चाप बढ्ने भएकाले अग्रिम टिकट बुकिङ, सवारीसाधनको व्यवस्थापन तथा यात्रु सेवासम्बन्धी तयारीलाई प्राथमिकता दिइएको छ।
>
> ■ **राजीव पोखरेल**
> महानिर्देशक, यातायात विभाग

## घटस्थापनादेखि नेपालभरि रूट परमिट खुला

**काठमाडौं (प्रस)–** दसैंको समयमा यात्रुको सहज आवागमनलाई व्यवस्थित बनाउन घटस्थापनादेखि पूर्णिमासम्म नेपालभर रुट परमिट खुला गरिने भएको छ।

यातायात व्यवस्था विभागमा मंगलबार बसेको नेपाल प्रहरी, ट्राफिक प्रहरी, यातायात व्यवसायी राष्ट्रिय महासंघलगायत सरोकारवालाको बैठकले दसैं अवधिभर देशभर रुट परमिट खुला गर्ने निर्णय गरेको हो।

बैठकले यही असोज २३ गतेदेखि दसैंका लागि अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णयसमेत गरेको नेपाल राष्ट्रिय यातायात व्यवसायी...

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

# सभापतिमा...

अधिकांश महाधिवेशन प्रतिनिधिले गगनलाई सभापतिमा निर्वाचित गराउने प्रणसमेत गरिसकेको अवस्थामा राठौर र खड्गीलाई कमजोर प्रतिस्पर्धी मानिएको हो । राठौर पहिले पूर्वसभापति शेरबहादुर देउवा समूहमा थिए । खड्गी भने सभापति थापा पढेकै समयमा वनस्थली स्कुलमा शिक्षक थिए ।

वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्माको मात्रै उम्मेदवारी परेको छ । उपसभापति खुलामा डा. चन्द्रभण्डारी, देवराज चालिसे, सुरेन्द्रराज पाण्डे, मधु आचार्य, डा. मिनेन्द्र रिजाल, दीपक गिरी, धनराज गुरुङ, गोविन्द भट्टराई र डा. चन्द्रमोहन यादवको उम्मेदवारी परेको छ । समावेशी उपसभापतिमा जीवन परियार, विनोद चौधरी, फर्मुल्लाह मन्सुर, सीता गुरुङ र रञ्जित कर्णको उम्मेदवारी परेको छ । महिला उपसभापतिमा पुष्पा भुसालकोमात्रै उम्मेदवारी परेको छ ।

### विश्व र पुष्पालाई विधान संशोधन गरेरै पद सुरक्षित

कांग्रेसले विशेष महाधिवेशनमा उपसभापति बनेका शर्मा र भुसालका लागि पद थपेर निर्विरोध निर्वाचित गराएको छ । सोमबार विधान संशोधन गरी वरिष्ठ उपसभापति पद शर्माका लागि र महिला उपसभापति पद भुसालका लागि थप गरिएको थियो ।

मंगलबार राति अबेरसम्म पनि दुई पदमा अरुको दाबी नपरेपछि दुवै जना निर्विरोध निर्वाचित भएका हुन् । निर्वाचन समितिले भने यसको औपचारिक घोषणा गरेको छैन । शर्माले पुष्पराज पौड्यालमार्फत वारेसबाट उम्मेदवारी दिएका थिए ।

### महामन्त्रीमा डिनाको पद धरापमा पार्दै रीता

खुलामञ्चको बन्दसत्रले महिला महामन्त्री पद महालक्ष्मी उपाध्याय 'डिना'लाई सुरक्षित गरेको थियो । पूर्वसभापति देउवा समूहबाट महामन्त्री बन्ने पक्का भएपछि संस्थापन आएकी डिनाको पद भने धरापमा परेको छ । उनीविरुद्ध चिरप्रतिद्वन्दी रीता खनालले महिला महामन्त्रीमा उम्मेदवारी दिएकी छन् ।

मकवानपुरका यी दुई नेतृ एकअर्काकी दुस्मनकै रूपमा प्रस्तुत हुन्छिन् । देउवाविरोधी रीता गगननिकट नेतृ हुन् भने डिना बागमती प्रदेशका कांग्रेस सभापति इन्द्रबहादुर बानियाँकासमेत कट्टर विरोधी हुन् । रीता प्रतिद्वन्द्वी र बानियाँले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएसँगै डिनाको मुखैमा आएको पद खोसिने आँकलन गरिएको छ । यद्यपि, महिला महामन्त्रीमा डिला संग्रौलाकोसमेत उम्मेदवारी परेको छ । यसले पनि महिला महामन्त्रीको परिणाम रोचक हुने बताइन्छ ।

### खुला महामन्त्रीमा प्रदीप र गुरुराज असुरक्षित

पदाधिकारीदेखि केन्द्रीय सदस्यका उम्मेदवार गगनको लिस्टमा पर्न चाहेसँगै विशेष महाधिवेशन पक्षधरको पद नै जोखिममा पर्ने देखिएको छ । यसरी पद धरापमा पर्ने देखिएका दुई नेता हुन् महामन्त्रीको उम्मेदवार प्रदीप पौडेल र गुरुराज घिमिरेको ।

कृष्ण सिटौलानिकट रहेका प्रदीप र शेखर कोइरालानिकट रहेका गुरुराजले विशेष महाधिवेशनमा गगनलाई साथ दिएका थिए । विशेष महाधिवेशनबाट गगनको साथ आएका महामन्त्री प्रदीप र गुरुराज सोही पदमा दोहोरिन चाहेका छन् । तर गुट एउटै मात्र भएकोले दुवै जना असुरक्षित रहेका नेताहरू बताउँछन् । 'सबै गगन गुटकै भएकोले महामन्त्रीमा प्रदीप दाइ र गुरुराज सुरक्षित देखिन्न,' एक महाधिवेशन प्रतिनिधिले बताए ।

कोशीका डा. सुनिल शर्मा, बागमतीका उदयशमशेर राणा र डडेलधुराका नैनसिंह महर महामन्त्रीका बलिया प्रतिस्पर्धी हुन् । जसले गर्दा दुई महामन्त्रीको पद असुरक्षित देखिएको हो । 'सुनिल शर्माको उम्मेदवारीले गुरु घिमिरेको पद असुरक्षित देखिएको छ । उदयको उम्मेदवारीले प्रदीपको,' ती महाधिवेशन प्रतिनिधिले भने ।

महामन्त्रीमा शंकर तिवारीदेखि रञ्जित कर्णसम्मले उम्मेदवारी दिएका छन् । त्यसैले पनि कांग्रेस सभापति पदका उम्मेदवार थापाले पदाधिकारीमा उम्मेदवार बनेकाहरूलाई उम्मेदवारीका विषयमा सोच विचार गर्न आग्रह गरेका छन् ।

'मलाई एकदमै चिन्ता लागिरहेको छ । पार्टी जीवनमा महत्त्वपूर्ण योगदान गर्नुभएका धेरैभन्दा धेरै साथीहरूले पदाधिकारीमा मनोनयन गरिरहनुभएको छ । यसले गर्दा धेरै साथीहरू बाहिर रहनुहुन्छ कि भन्ने चिन्ता लागिरहेको छ । त्यसकारण मैले धेरै जनालाई अनुरोध पनि गरिरहेको छु । सबैलाई मिलाएर लिएर जाने नेतृत्वको जिम्मेवारी हो । हामी सबैलाई मिलाएर लिएर जान चाहन्छौं । त्यसकारण सबै जना पदाधिकारी बन्ने कोसिस नगरौं,' उनले भने ।

### सहमहामन्त्रीमा को-को प्रतिस्पर्धी ?

संशोधित विधानबाट अब ११ जना सहमहामन्त्री निर्वाचित हुने छन् । जसमा खुला दुई, आदिवासी जनजाति, दलित, मधेसी, खस आर्य, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक/अपांगता क्लस्टरबाट एक-एक जना हुनेगरी ११ जना निर्वाचित हुने छन् । चार जना सभापतिले मनोनीत गर्ने व्यवस्था छ ।

सहमहामन्त्रीमा महिलातर्फ एक पदका लागि प्रतिमा गौतम र नानु बास्तोलको उम्मेदवारी परेको छ । खुलातर्फ अमृत अर्याल, रामहरि खतिवडा, देवेन्द्रराज कँडेल, डिल्लीराम सुवेदी र रमेश धमलालगायतले उम्मेदवारी दिएका छन् । खतिवडा राज्य व्यवस्था समितिका पूर्वसभापति हुन् ।

पिछडिएको क्षेत्रबाट एक जना सहमहामन्त्रीका लागि कर्णबहादुर बुढा, जनकराज गिरी, मिन भाम, नारायणप्रसाद भट्टराई, राजन कुँवर, जीवनबहादुर शाही, रामबहादुर विष्टको उम्मेदवारी परेको छ । खस आर्यबाट सहमहामन्त्रीको एक पदमा केन्द्रीय सदस्यद्वय दिनेश कोइराला, मनोजमणि आचार्य, जगदिश्वरनरसिंह केसी र शंकरदेव क्याम्पसमा पूर्वस्ववियू सभापति शुभराम बस्नेतको उम्मेदवारी परेको छ । सहमहामन्त्री पदका लागि आदिवासी जनजातिर्फ बहादुरसिंह लामा र तारामान गुरुङको उम्मेदवारी परेको छ । लामा विशेष महाधिवशेनबाट यही क्लस्टरमा सहमहामन्त्री बनेका थिए । विशेष महाधिवेशनबाट आएको नेतृत्वले गुरुङलाई अनुशासन समितिको प्रमुख बनाएको थियो ।

थारु क्लस्टरबाट सहमहामन्त्रीमा तेजुलाल चौधरी, सुरेन्द्र चौधरी र योगेन्द्र चौधरी प्रतिस्पर्धी छन् । तेजुलाल पूर्वसांसद हुन् भने योगेन्द्र विशेष महाधिवेशनबाट थारु क्लस्टरको सहमहामन्त्री बनेका थिए । अल्पसंख्यक क्लस्टरबाट आङगेलु शेर्पा, योगेश गौचन थकाली र नगेन्द्र कुमालको उम्मेदवारी परेको छ । मुस्लिमबाट सहमहामन्त्रीमा फिर्दोस आलम, अब्दुल सत्तार र अतहर कमाल मुसलमानको उम्मेदवारी परेको छ ।

मधेसी समुदायबाट सहमहामन्त्री एक पदका लागि महेन्द्र यादव, अजय चोरासिया, नागिना यादव, किरण यादव, अभिशेकप्रताप शाह, रामपल्टन साह, मनिषकुमार मिश्र र मुक्तकुमारी यादवको उम्मेदवारी परेको छ । दलित क्लस्टरमा प्रकाशस्नेही रसाइली, लक्ष्मी परियार, मानबहादुर नेपाली र नरेन्द्र पासवानले सहमहामन्त्री पदमा भिड्ने भएका छन् ।

### मतदान भोलिमात्रै

कांग्रेसले आज असोज २१ गते बिहान ९ देखि १० बजेसम्म उम्मेदवारी फिर्ता लिन सकिने जनाएको छ । बिहान १० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने भएको छ । त्यसपछि निर्वाचन समितिले मतदानअघिको प्रचारप्रसारका लागि समय उपलब्ध गराउने छ ।

भोलि असोज २२ गते बिहान ७:३० बजेदेखि दिउँसो २ बजेसम्म मतदान हुने कार्यतालिका सार्वजनिक गरिएको छ । मतदान सम्पन्न भएपछि मतगणना सुरु गरिने र मतगणना सम्पन्न भएपछि निर्वाचन परिणाम सार्वजनिक गरिने सूचनामा उल्लेख छ । निर्वाचन समितिले मतदानका लागि विभिन्न प्रदेश तथा तोकिएका स्थानअनुसार मतदान केन्द्रको व्यवस्था गरेको जनाएको छ ।

■■■

# वरीयता मिचेर...

त्यस्तै, लामो समयदेखि जिल्ला न्यायाधीश हुँदै न्याय सेवामा रहेका र वरिष्ठताक्रममा अगाडि रहेका न्यायाधीशलाई छाडेर अन्यलाई छनोट गर्नु उचित नहुने उनको राय छ । न्यायाधीश सिफारिसमा अधिकतम समावेशीपनको प्रयास नभएको तथा कानुन व्यवसायी समुदाय र नेपाल बार एसोसिएसनलाई समेत बेवास्ता गरिएको उनले उल्लेख गरेकी छन् ।

'उहाँले यसरी त हुँदैन, बीचबाट नाम छनोट गरेपछि केही न केही आधार त देखाउनुपर्छ भन्नुभयो,' परिषद्का सदस्य नेपालले प्रभावसँग भने, 'हामीले उहाँहरूको नाम चयन गर्ने तर केही पनि आधार देखाउन नसक्ने हो भने मेरो सहमति रहँदैन भनेर फरक मत लेख्नुभयो ।'

सदस्य नेपालले भने आफूले पाण्डे र डाँगीको नाममामात्रै असहमति जनाएको बताएका छन् । 'मेरो राय सपना श्रीमान्कोभन्दा केही फरक छ । मैले सिफारिसको क्रम संख्या १ र २ मा होइन कि ३ र ४ को हकमामात्रै हामी अलि तल गयौं कि भनेर फरक मत राखेको हुँ,' उनले भने ।

यसरी दुई सदस्यले फरक मत राखे पनि परिषद्का बाँकी तीन सदस्य एकमत भएपछि चार जना न्यायाधीशको नाम सिफारिस भएको हो । यसै महिना सर्वोच्चका न्यायाधीश विनोद शर्मा पनि अवकाश हुँदै छन् । त्यसपछि पाँच न्यायाधीशको पद रिक्त हुने भए पनि परिषद्ले चार जनाकोमात्रै नाम सिफारिस गरेको छ । एउटा पद भने खाली राखिएको छ ।

संसदीय सुनुवाइबाट नाम अनुमोदन भए बागचन्द र पाण्डे २०९१ सालमा एक महिनाको फरकमा अवकाश हुने छन् । सारु २०८८ सम्म र डाँगी २०९२ सम्म सर्वोच्चको न्यायाधीश रहने छन् । वरिष्ठता र ज्येष्ठताका हिसाबले भने चारै जना प्रधानन्यायाधीश बन्ने रोलक्रममा रहने छैनन् । न्यायाधीश सिफारिसको निर्णयप्रति नेपाल बार एसोसिएसनले पनि असन्तुष्टि जनाएको छ । बार अध्यक्ष डा. विजय मिश्रले परिषद्को सिफारिसले न्यायपालिकामा विगतदेखि देखिएको विकृत परम्परालाई थप मलजल गरेको टिप्पणी गरेका छन् ।

यससँगै सर्वोच्चमा न्यायाधीश नियुक्तिको विषय अब संसदीय सुनुवाइमामात्रै सीमित नरहने देखिएको छ । सिफारिस गर्ने निकाय न्याय परिषद्भित्रै देखिएको मतभेदले नियुक्तिको आधार, वरिष्ठताक्रम र निर्णय प्रक्रियाको पारदर्शितामाथि थप प्रश्न उठाएको छ । यसअघि वालेन्द्र शाह नेतृत्वको सरकारले प्रधानन्यायाधीश नियुक्तिमा पनि वरीयता मिचेको थियो । चौथो वरीयताका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश बनायो । यसरी प्रधानन्यायाधीश सिफारिसमै विधि र वरीयता मिचेकोमा अब न्यायाधीश सिफारिसमा पनि त्यसै गरेको पाइएको हो ।

■■■

# गोलाप्रथामा...

त्यसपछि गत भदौमा पुनः एक हजार ४६४ जनाको आवेदन खुलेको छ । योग्यता पुगेका व्यक्तिले यही असोज २६ गते राति १२ बजेसम्म विभागको वेब पोर्टलमा अनलाइन आवेदन दिनसक्ने छन् । आवेदन दिने व्यक्ति २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने भनिएको छ । पिवाले यसपटक भने आवेदन खुलाउँदै लट्रीमा फालिनेहरूलाई रोजगार प्रक्रियामा समावेश गराउन इजरायल बाध्य नहुने स्पष्ट पारेको छ ।

■■■

# बहराइनमा ...

बहराइन नेपाली श्रमिकका श्रम गन्तव्यहरूमध्येको एक हो । गत आर्थिक वर्षमा नौ हजार ३३६ जना उक्त मुलुक गएका थिए । यसर्थ यो व्यवस्थाको प्रभाव नेपाली श्रमिकमा पनि पर्ने बुझिएको छ ।

■■■

# घटस्थापनादेखि...

महासंघका केन्द्रीय अध्यक्ष पुण्यप्रसाद सिटौलाले जानकारी दिए । उनका अनुसार सडकको अवस्थालाई ध्यानमा राख्दै सवारी सञ्चालनका क्रममा यात्रुवाहक सवारीसाधनलाई पहिलो प्राथमिकता दिइने छ । त्यसपछि मात्रै अन्य सवारीसाधनलाई प्राथमिकता दिइने व्यवस्था मिलाइने छ । दसैंमा ठूलो संख्यामा यात्रु राजधानीलगायत सहरी क्षेत्रबाट आ-आफ्नो गाउँघर जाने भएकाले यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायबीच समन्वय गरी आवश्यक तयारी अघि बढाइएको यातायात व्यवस्था विभागले जनाएको छ ।

दसैंका समयमा यात्रुले अनावश्यक दुःख पाउन नपरोस्, टिकट पाउन समस्या नहोस् र सुरक्षितरूपमा गन्तव्यसम्म पुग्न सकून् भन्ने उद्देश्यले अग्रिम टिकट बुकिङ तथा यातायात व्यवस्थापनको तयारी अघि बढाइएको यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले बताए । दसैंको समयमा हुने यात्रुको चापलाई मध्यनजर गर्दै यातायात सञ्चालन, टिकट व्यवस्थापन, सडकको अवस्था तथा यात्रुको सुरक्षामा विशेष ध्यान दिइने विभागले जनाएको छ ।ख

### नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/२१**

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०६/०५ बमोजिम यस रामकोट बिन्दबासिनी हार्डवेयर को साविकको नाम परिवर्तन भई रामकोट बिन्दबासिनी हस्पिटालिटी भएको जानकारी गराउँदछु ।

### बिमालेख हराएको सूचना

मिति २०८३/०६/१५ गते, कलंकी देखि बालाजुसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : ज्योति मिश्र**
**बिमालेख नं : २५२१०८००८**
**ठेगाना : सान्धा-३, महोत्तरी**
**कम्पनी: एल.आई.सि (नेपाल) लि.**
**सम्पर्क नं : ९८४५३३३७७७**

### बिमालेख हरायो

मिति २०८३/०६/०२ गते काठमाडौंस्थित चन्द्रगिरी जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बिमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सारती बिष्ट**
**बिमालेख नं. : १००१००४४५**
**बिमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौं**
**ठेगाना : तीनठाना-१५, चन्द्रगिरी काठमाडौं**
**सम्पर्क नं. : ९८४९६९२२५९**

### प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०६/१६ गते काठमाडौं जिल्ला, थलीदेखि चावहिलसम्म स्कुटरमा जाने क्रममा मेरो निम्न व्योहोरा भएको पोखरा विश्वविद्यालयबाट जारी भएका BBA(Bachelor Degree Certificate) र BBA Migration Certificate को सक्कली (प्रमाणपत्र) हराएको हुंदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : निर्मल कुइकेल**
**रजिस्ट्रेसन.नं.: २०११-०२-०३-१३९८**
**सिम्बोल नं.: १२०३२६४२**
**कलेज : नेपाल कलेज अफ इनफर्मेसन**
**सम्पर्क: : ९८५१०३६९३६ (मणिराम कुइकेल)**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना

यस कार्यालयमा मिति २०७१।१२।०५ मा दर्ता भएको प्रा.लि.नं. १३३६१८ को **माँ कामाख्या सोलार सेन्टर प्रा.लि.** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७७/०४/१२ मा दर्ता भएको **गेर्खु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट (प्रा.लि. नं. २३९००२)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

### दावी विरोध सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०६/२१**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Humour Overseas Pvt. Ltd.** (ई.प.नं. **777/065/66**) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०६/०२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविकका शेयरधनीहरूको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरूको नाम र शेयर संख्या |
|---|---|
| १. सुरज महर्जन ०१-१,००,००० कित्ता | १. सुरज महर्जन ०१-५०,००० कित्ता |
| | २. भास्कर शर्मा ५०,००१-१,००,००० कित्ता |

## Vacancy Notice

INF is seeking competent, skilled, service-oriented and devoted professional volunteers to provide innovative approaches to improve the Health Care Service system and who share our vision, mission and values. They will introduce and demonstrate international best practices to train and build the capacity of Nepali professionals.

INTERNATIONAL NEPAL FELLOWSHIP

The technical skills will build knowledge and understanding throughout the health care services. Special attention will be given to serving poor, socially excluded, marginalised, underprivileged, and disadvantaged people of Nepal.

**Positions : Few**

- Rehabilitation Therapist Advisor
- International Partnership, Fundraising and Donor Relations Advisor
- MNCH/Nutrition Advisor
- Leprosy and Rehabilitation Support Specialist
- Palliative Care Doctor
- Surgeon
- Palliative Care Technical Advisor
- Health Service Advisor

**Required Qualifications, Skills, and Knowledge:**

- Master's degree in a relevant subject or equivalent, plus 5 years of experience.
- Evidence of technical skills relating to professional expertise and experience in health service delivery.
- Ready to work on a volunteer basis with no financial benefits.

Please apply to recruitment@inf.org by **13 Oct, 2026**
Only shortlisted candidates will be contacted to participate in the further assessment and selection process.

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बुधबार, २१ असोज, २०८३**

| | |
|---|---|
| **मेष** | काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ । |
| **वृष** | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ । |
| **मिथुन** | नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् । |
| **कर्कट** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला । |
| **सिंह** | आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| **कन्या** | काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| **तुला** | साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| **वृश्चिक** | महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । |
| **धनु** | नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| **मकर** | कामको दबाब बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ । |
| **कुम्भ** | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ । |
| **मीन** | मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ असोज, २०८३ (०७ अक्टुबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५३.७८ | १५४.३८ |
| युरो | १ | १७२.३२ | १७२.९९ |
| पाउन्ड स्टिर्लङ | १ | २०३.३२ | २०४.११ |
| स्विस फ्रैन्क | १ | १८५.५० | १८६.२२ |
| अस्ट्रेलियन डलर | १ | १०७.०३ | १०७.४५ |
| क्यानाडियन डलर | १ | १०७.९५ | १०८.३७ |
| सिङगापुर डलर | १ | १२०.१२ | १२०.५९ |
| जापानी येन | १० | ९.७४ | ९.७७ |
| चिनियाँ युआन | १ | २२.९४ | २३.०३ |
| साउदी अरब रियाल | १ | ४०.९६ | ४१.१२ |
| कतारी रियाल | १ | ४२.१९ | ४२.३५ |
| थाई भाट | १ | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.८७ | ४२.०३ |
| मलेसियन रिङेट | १ | ३७.६३ | ३७.७७ |
| दक्षिण कोरियन वन | १०० | ११.४४ | ११.४८ |
| स्विडिस क्रोनर | १ | १५.३३ | १५.३९ |
| डेनिस क्रोनर | १ | २३.०६ | २३.१५ |
| हङकङ डलर | १ | १९.६० | १९.६७ |
| कुवेती दिनार | १ | ४९८.८० | ५००.७५ |
| बहराइन दिनार | १ | ४०७.८८ | ४०९.४७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# दसैंको यात्रा सुरक्षित र व्यवस्थित बनाऊ

हरेक वर्ष दसैं नजिकिँदै गर्दा काठमाडौं उपत्यका छाडेर आफ्नो थातथलो फर्कने सर्वसाधारणको उत्साहमा एउटा ठूलो त्रास मिसिएको हुन्छ– त्यो हो, यात्राको सास्ती । काठमाडौंबाट लाखौंको संख्यामा यात्रुहरू बाहिरिने यस महान् चाडको समयमा सोझा र निर्दोष नागरिकले भोग्नुपर्ने दुर्दशा नयाँ भने होइन । टिकट लिनका लागि रातभर लाइन बस्नुपर्ने बाध्यता, तोकिएकोभन्दा तेब्बर बढी भाडा असुलिने ठगी, गाडीको अभाव, बिचौलियाको दबदबा र सडक दुर्घटनाको त्रास हरेक वर्ष दोहोरिने नियति बनेका छन् ।

यस वर्ष असोज २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला गर्ने सरकारी निर्णय आफैंमा स्वागतयोग्य भए पनि निर्णय गर्नुमात्रै समस्याको स्थायी समाधान होइन । कागजमा गरिएका निर्णय र घोषणालाई व्यावहारिकरूपमै कार्यान्वयनमा उतारेर यात्रुलाई राहत दिनु अहिलेको मुख्य चुनौती र सरकारको पहिलो दायित्व हो ।

विगतका अनुभवहरूलाई नियाल्दा अग्रिम टिकट बुकिङ सुरु हुनासाथ काउन्टरहरूमा बिचौलियाहरूको अस्वाभाविक सक्रियता बढ्ने गरेको छ । सर्वसाधारण यात्रु दिनभर लाइनमा बस्दा पनि टिकट नपाएर रित्तो हात फर्किनुपर्ने तर बिचौलियाहरूमार्फत महँगो मूल्यमा त्यही टिकट सजिलै पाइने अवस्थाले राज्यको प्रशासनिक संयन्त्रमाथि नै गम्भीर प्रश्न उठाउँछ । यस्तो कालोबजारी र अव्यवस्थालाई अन्त्य गर्ने सबैभन्दा प्रभावकारी र आधुनिक उपाय भनेको डिजिटल प्रविधिको पूर्ण प्रयोग हो । आजको आधुनिक युगमा पनि यात्रुलाई घण्टौं काउन्टरमा उभ्याएर सास्ती दिनुको कुनै औचित्य छैन । सम्पूर्ण यातायात व्यवसायीहरूलाई अनिवार्यरूपमा पारदर्शी अनलाइन टिकट बुकिङ प्रणालीमा आबद्ध गराउनुपर्छ । अनलाइन प्रणाली लागू हुँदा एकातिर काउन्टरहरूमा हुने अनावश्यक भीडभाड स्वतः हट्छ भने अर्कोतिर टिकटको कालोबजारी गर्ने बिचौलियाहरूको धन्दा सधैंका लागि बन्द हुन्छ ।

केवल टिकटको व्यवस्थापन गरेरमात्र सरकारको जिम्मेवारी पूरा हुँदैनह यात्रुको यात्रा सुरक्षित र सहज बनाउनु झनै महत्त्वपूर्ण विषय हो । दसैंको समयमा बढी आम्दानी गर्ने होडबाजीमा सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु खाँद्ने, गाडीको प्राविधिक अवस्था जाँच नगरी सडकमा हुइँक्याउने र क्षमताभन्दा बढी भाडा असुल्ने प्रवृत्ति व्यापक छ । यसलाई नियन्त्रण गर्नका लागि यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र स्थानीय प्रशासनको संयुक्त अनुगमन टोलीलाई मुख्य–मुख्य नाका र बसपार्कहरूमा २४ सै घण्टा सक्रिय गराउनुपर्छ । भाडादर स्पष्ट देखिनेगरी काउन्टर र सवारीसाधनमा टाँस्ने, यात्रु सहायता कक्षलाई प्रभावकारी बनाउने र ठगीमा संलग्न हुने जोकसैलाई कडाभन्दा कडा कानुनी कारबाही गर्ने तत्परता सरकारले देखाउनैपर्छ ।

यसका साथै, दसैंको समयमा हुने भयानक सडक दुर्घटनाहरू रोक्नका लागि यातायात व्यवसायी र विशेषगरी चालकहरूलाई अत्यन्तै जिम्मेवार बनाउनु अनिवार्य छ । तीव्र गति, थकान, मादक पदार्थ वा लागुपदार्थको सेवन र अस्वस्थ प्रतिस्पर्धा नै दुर्घटनाका मुख्य कारक हुन् । लामो दूरीका सवारीसाधनमा अनिवार्यरूपमा दुई जना चालक राख्ने नियमलाई कडाइका साथ पालना गराइनुपर्छ । राजमार्गका ठाउँ–ठाउँमा चालकहरूको स्वास्थ्य र मादक पदार्थ परीक्षण (मापसे/लापसे) गर्ने व्यवस्था मिलाइनुपर्छ । चालकको सानो लापरवाहीले दर्जनौं निर्दोष मानिसको ज्यान जान सक्छ भन्ने कुरालाई ध्यानमा राख्दै उनीहरूलाई जिम्मेवारीको बोध गराउनु र सवारीसाधनको प्राविधिक अवस्था दुरुस्त राख्न व्यवसायीलाई बाध्य पार्नुपर्छ ।

दसैं खुसी, उमंग र परिवारसँगको पुनर्मिलनको पर्व हो । चाडबाडको मुखमा आफ्नो घर पुग्न निस्किएका नागरिकका लागि यात्रा कहिल्यै पनि ‘दशा’ बन्नु हुँदैन । सरकार, यातायात व्यवस्था विभाग, सुरक्षा निकाय र यातायात व्यवसायीहरूले केवल औपचारिक बैठक र निर्णयमामात्र सीमित नरहेर सेवाभावका साथ काम गर्न आवश्यक छ । यदि सरकारी प्रतिबद्धताहरू व्यवहारमा लागू भए र प्रविधिको सही सदुपयोग गरियो भने यस वर्षको दसैं यात्रा विगतको भन्दा सुरक्षित, मर्यादित र व्यवस्थित बन्न सक्छ । राज्यले आफ्ना नागरिकलाई सुरक्षितरूपमा घर पुग्ने वातावरण मिलाएर आफ्नो अभिभावकीय भूमिका सिद्ध गरोस् ।

श्रम सरोकार

## नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई ‘स्विफ्ट कोड’ भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

# दुई कास्य पदकमा रोकिएको नेपालको नागोया यात्रा



■ राजु सिलवाल

> जापानबाट नेपाली खेल अधिकारीहरु स्वदेश फर्केपछि एसियाडमा नेपालको पराजय किन भयो विस्तृतरुपमा समीक्षा गर्नु अत्यन्त जरुरी मानिएको छ । नेपाल कुन खेलमा के कस्ता कमजोरीले गर्दा पराजित हुनुपर्‍यो भन्नेबारे खेल प्रशिक्षक तथा खेलाडीहरुको अनुभवबाट पनि जानकारी लिनुपर्दछ । यस्तो समीक्षाबाट आएका निचोडलाई आगामी वैदेशिक प्रतियोगिताहरुमा सुधारका लागि प्रयोग गर्नसके विदेशी भूमिमा लज्जाजनकरुपमा पराजय भोग्नुपर्ने स्थिति रहँदैन ।

जापानको नागोयामा आयोजित २०औं एसियाली खेलकुद एसियाडमा नेपालले हासिल गरेको परिणाम र नेपालका खेल अधिकारीहरूले गरेको अपेक्षामा ठूलो ठेस लागेको छ । राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको ‘मिसन २०२६’ को लक्ष्यअनुसार नेपाली खेल टोली एसियाडमा प्रतिस्पर्धाका लागि प्रस्थान गर्दा यसपटक नेपालले विगतको भन्दा ठूलो उपलब्धि हासिल गर्ने पूर्वअनुमान गरिएको थियो । नेपालले एसियाडमा ७५ वर्ष लामो सहभागितामा पहिलोपटक स्वर्ण र दोहोरो अंकमा पदक जित्ने पूर्वउद्घोष दुई कास्य पदकमा सीमित हुन पुगेको छ । नेपाली खेल टोलीले धेरै पदकको सपना देखे पनि लक्ष्य, तयारी तथा खेलाडीहरूको स्तरबीच तालमेल हुन नसकेको स्पष्ट देखियो । खेल अधिकारीहरूले पदकको आशा गरेका खेलाडीहरूसमेत सफलता हात पार्न नसकेर खाली हात फर्कनुपरेपछि नागोयाको सहभागिताबारे गम्भीर प्रश्न उठेको छ ।

### तेञ्जिङको आरोहण

विश्व मानचित्रमा मुलुकको नाम जाज्वल्यमान गराउने काममा हिमाल आरोही शेर्पाहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । यसपालि एसियाडमा पनि एक शेर्पा खेलाडीले पहिलोपटक पदक जितेर पदक तालिकामा नेपालको नाम आरोहण गराउनु कम चुनौतीपूर्ण थिएन । नागोयामा सहभागी भएका नेपाली कराँते खेलाडीहरूमध्ये तेञ्जिङ शेर्पा मुलुकलाई पहिलो कास्य पदक दिलाउने भाग्यमानी बन्न पुगेका थिए । पहिलो खेलमै मकाउका प्रतिस्पर्धीले चारपटक गल्ती गर्दै अयोग्य घोषित भएपछि तेञ्जिङले सोझै सेमिफाइनलमा पुग्ने अवसर पाएका थिए । पदक प्राप्तिको अत्यधिक अपेक्षा गरिएको कराँते खेलतर्फ चौथो दिनसम्म कुनै खेलाडीले पनि सफलता नपाइरहेको बेला शेर्पाले एक कास्य पदक पाएर मुलुकको इज्जत जोगाएका छन् ।

कुमुते तथा कातामा सहभागी अन्य सात सहकर्मी पराजित भएर मैदानबाट बाहिर सकेको अवस्थामा कराँते खेलको अन्तिम दिन तेञ्जिङ इरानी खेलाडीसँग सेमिफाइनलमा हारे पनि तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा लाओसका खेलाडीलाई विशाल अंकको अन्तरले हराएर कास्य पदकको हकदार बन्न पुगेका थिए । मुलुकमा बाढी र पहिरोको समस्याले सबै शोकमा रहेका बेला आफूले अलिकति भए पनि खुसीको सञ्चार गराउन सकेकामा पदक विजेता तेञ्जिङले सन्तोष व्यक्त गरेका छन् । स्वदेश फर्केपछि विमानस्थलमा उनले आफूले जितेको पदक जन्मदाता आमालाई लगाएर सम्मानित गरेको क्षण अनुकरणीय मान्न सकिन्छ ।

### अर्को पदक पनि आमालाई

तीन वर्षअघि चीनमा तथा यसपालि गरी एसियाडमा लगातार दुईपटक कास्य पदक जितेको नेपाली महिला कबड्डी टिमका सदस्यहरूले आफूले हासिल गरेको पदक पनि आमाप्रति समर्पित गरेर मातृभक्ति दर्साएका छन् । नेपालको दुईपटकको विजयमा महत्त्वपूर्ण भूमिका खेलेकी कबड्डी प्रशिक्षक पार्वती राईलाई खेलाडीहरूले आमा सम्बोधन गर्दै सबै पदक लगाएर सम्मान गरेको क्षण अत्यन्त गर्विलो थियो । नागोयामा विभिन्न खेलमा दिनहुँजसो नेपाली खेलाडीहरूको निरासाजनक नतिजा आइरहेको बेला मनमती विष्टको नेतृत्वमा रहेको नेपाली महिला कबड्डी टिमले एसियाडमा दोस्रोपटक कास्य पदक जितेर इतिहास कायम गर्न सफल भएको थियो । थाइल्याण्ड र श्रीलंकालाई दबाब दिँदै हराउन सफल नेपाली टिम चाइनिज ताइपेइसँग भने पराजित हुन पुगेको थियो ।

सेमिफाइनलमा नेपाली टिम भारतसँग पराजित भई कास्य पदकमा सीमित हुन पुगे पनि नेपाली महिला कबड्डीमा नेपालले आगामी दिनमा थप सफलता प्राप्त गर्न सक्ने संकेत देखिएको छ । महिला कबड्डीमा भारतीय टिम तुलनात्मकरूपमा अन्य टिमभन्दा बलियो मानिएको छ । नेपाली टिम भारतसँग पराजित भएको यो पहिलोपटक थिएन । अघिल्लो एसियाडमा पनि नेपाल सेमिफाइनलमा भारतसँगै हारेको थियो । १३औं दक्षिण एसियाली खेलकुदको महिला कबड्डी फाइनलमा पनि नेपाल भारतसँग पराजित भई रजत पदकमा सीमित भएको थियो ।

यस्तै, एसियालीमहिला कबड्डी च्यापियनसीपमा पनि नेपाल भारतसँग पराजित हुँदै कास्य पदक लिएर स्वदेश फर्केको थियो । अब आउने प्रतिस्पर्धाहरूमा पुरानो प्रतिद्वन्द्वी टिमलाई परास्त गर्नसक्ने गरी महिला कबड्डी टिमलाई सक्षम बनाउन सम्बन्धित पक्षले यथोचित कदम चाल्नुपर्ने जरुरी देखिन्छ । यसका लागि सबैभन्दा पहिले कबड्डीका लागि छुट्टै कभर्ड हलको आवश्यकता महसुस गरिएको छ । एसियाडमा नेपालको महिला टिमको तुलनामा पुरुष कबड्डी टिम भने कमजोर देखिएको थियो । समूह चरणको अन्तिम खेलमा नेपाली पुरुष कबड्डी टिमले मलेसियालाई हराउँदै सान्त्वना जित हात पारे पनि अघिल्लो तीनै खेलमा पराजित हुँदै समूह चरणबाट बाहिरिएको थियो । एसियाडको अनुभव भोलि आउने प्रतिस्पर्धाका लागि उपयोगी हुने कुरामा सहमत हुन सकिन्छ ।

### आशा गरिएकाहरू चुकेपछि

कराँतेमा नेपालका तीन खेलाडी कास्य पदकको भिडन्त अवधिसम्म र अन्य चार जना प्रारम्भिक चरणमा बाहिरिनु दुर्भाग्य रह्यो । एसियाडमा स्वर्ण पदकको अपेक्षा गरिएकी कराते खेलाडी एरिका गुरुङ भिडन्तमा दुई सेकेण्ड टिक्न नसक्दा रित्तो हात फर्कनुपर्‍यो । अघिल्लो एसियाडमा रजत पदक जितेपछि लगातार विभिन्न वैदेशिक प्रतियोगितामा पदक जित्न सफल एरिका करिब तीन वर्षको प्रशिक्षणपछि उच्च मनोबलका साथ जापान गएकी थिइन् । उनले क्रमिकरूपमा हासिल गर्दै गएको सफलताको कारण उनीप्रति स्वर्ण पदकको अपेक्षा गरिएको थियो ।

उनलाई जित्नैपर्ने मनोवैज्ञानिक दबाब पनि थियो । पहिलो खेलमै जोर्डनकी यारा नासेरलाई एक अंकका विरुद्ध सात अंकको फराकिलो अन्तरले पराजित गरेर उनले राम्रो सम्भावनाको संकेत देखाएकी थिइन् तर दुर्भाग्य सेमिफाइनलको भिडन्त एरिकालाई विगतमा तीनपटक पराजित गरिसकेकी काजाकिस्तानकी सोफचा बेरुत्सेभासँग हुन पुग्यो । उनीसँग एरिका पराजित हुन पुगिन् । गत एसियाडमा पनि एरिका उनैसँग हारेकी थिइन् । त्यसपछि दुईपटक प्रिमियर लिग फाइनलमा पनि उनैको जित भएको थियो । रिपिचेजबाट कास्य पदक जित्ने सम्भावना भए पनि एरिका साउदी अरेबियाकी खेलाडीसँग हारेपछि नेपालको पदकको सम्भावना गुमेको थियो ।

कराँते खेलाडी मीनबहादुर तामाङ हङकङ तथा ताजिकिस्तानका खेलाडीलाई हराउँदै सेमिफाइनलमा पुगेर पदकको सम्भावित दाबेदारका रूपमा प्रस्तुत गरेका थिए । तर उनी सेमिफाइनलमा कुवेत तथा कास्य पदकका लागि भएको खेलमा साउदी अरेबियाका खेलाडीसँग पराजित भएपछि पदकको सम्भावना रहेन । पहिलो चरणमा बाई पाएका राकेश मानन्धरले थाइल्याण्डका खेलाडीलाई भारी अंकको अन्तरले हराई क्वाटरफाइनल खेल जितेका थिए तर उनी सेमिफाइनलमा उज्वेकिस्तान र कास्य पदकका लागि भएको खेलमा मलेसियाका खेलाडीसँग हारेका थिए ।

निरूपा डोङ तामाङ प्रारम्भिक चरणमै हङकङकी खेलाडीसँग पराजित भएर बाहिरिएकी थिइन् । व्यक्तिगत कातामा सानुमाया थिङ दक्षिण कोरियाकी खेलाडीसँग पराजित भएर राउण्ड अफ १६ बाट बाहिरिएकी थिइन् । नेपाली महिला काता टिम पनि पदक हासिल गर्नबाट बञ्चित हुन पुगेपछि कराँतेमा थप पदक आउने सम्भावनाको अन्त्य भएको थियो ।

बक्सिङ खेलाडी चन्द्रबहादुर थापालाई पनि एसियाडमा स्वर्ण पदकको दाबेदारका रूपमै हेरिएको थियो । वर्ल्ड बक्सिङ च्याम्पियनसिपमा कास्य पदक जितेर नेपाली खेलाडीहरूमध्ये हालसम्मकै सर्वाधिक ७५ हजार डलर पुरस्कार पाएका खेलाडी थापासहित अन्य नेपाली पुरुष तथा महिला बक्सिङ खेलाडी पराजित भएपछि बक्सिङको सम्भावना पनि गुम्न पुगेको थियो । बक्सिङमा केही खेलाडी प्रारम्भिक तथा दोस्रो चरणसम्म पुगेका थिए ।

पदकको अपेक्षा गरिएको उसु खेलमा कुनै पनि नेपाली खेलाडीको उल्लेखनीय प्रदर्शन हुन सकेन । दोस्रोपटक एसियाडमा भाग लिएको नेपाली महिला भलिबल टिमले नागोयामा सहभागीहरूमध्ये १२औं स्थान प्राप्त गर्‍यो । नेपालले खेलेका कूल पाँच खेलमध्ये चार खेलमा हारेको थियो भने एक खेल जितेको थियो । नेपाल जापान, हङकङ, इण्डोनेसिया र मंगोलियासँग लगातार सोझो सेटले पराजित भएको थियो भने नेपालले कीर्गिस्तानलाई लगातार सोझो सेटमा हराएको थियो । जुडोमा पनि चार खेलाडी पहिलो चरणमै बाहिरिएका थिए । टेनिस डबल्समा नेपाली खेलाडी दोस्रो चरणसम्म पुगेका थिए ।

सफ्ट टेनिसको मिक्स्ड डबल्समा नेपाल पहिलो खेलमा चाइनिज ताइपेइसँग हारे पनि दोस्रो मंगोलियालाई हराई समूहको उपविजेता बनेर अन्तिम १६ मा प्रवेश गरेको थियो तर त्यसपछि अघि बढ्न असफल भई नेपाल प्रतियोगिताबाट बाहिरिएको थियो ।

टेबुलटेनिसको मिक्स डबल्समा नेपालले पाकिस्तानलाई लगातार सोझो सेटले पराजित गर्दै दोस्रो चरणमा पुगे पनि हङकङसँग हारेपछि घर फर्कनुपरेको थियो । ब्याडमिण्टनको पुरुष सिंगल्समा नेपालका क्षितिज खनाल पहिलो चरणमा विजय बने पनि दोस्रो चरणमा इरानका खेलाडीसँग हार्न पुगे । महिला सिंगल्सतर्फ रिहाना शेरचन दोस्रो चरणमा पुगे पनि श्रीलंकाकी खेलाडीसँग पराजित भएपछि यात्रा टुंगिएको थियो ।

नेपालले हालसम्म सबैभन्दा धेरै १४ वटा पदक ल्याएको ताइक्वाण्डो खेलमा पछिल्लोपटक सन् २००६ मा पदक प्राप्त गरेको थियो । २० वर्षपछि पनि नेपालले पदक जित्न नसकी प्रारम्भिक चरणमै प्रतियोगिताबाट बाहिरिनुपर्‍यो । अन्य केही खेलमा पनि नेपाली खेलाडीले प्रारम्भिक चरणमा राम्रो प्रदर्शन गरेर सुखद् संकेत देखाए पनि अघिल्ला चरणमा बाहिरिनु नेपालका लागि दुर्भाग्य हुन गयो ।

'पाँच पाण्डव'को अहिले पोस्ट प्रोडक्सन अन्तिम चरणमा छ। यो चलचित्रको पूरै साउन्ड डल्बी एटमसमा हुनेछ। दर्शकले 'पाँच पाण्डव' हेर्दा फूल डल्बी एट्मस साउन्डको अनुभव गर्न पाउने निर्देशक निरौलाले बताएका छन्।

काली रानी फिल्मस्को ब्यानरमा निर्माण भइरहेको यस चलचित्रमा नेपाली सिने जगतका दिग्गज र नयाँ पुस्ताका चर्चित कलाकारहरू एकसाथ देखिनेछन्।

हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, सुशील सिटौला मुख्य 'पाँच पाण्डव'को भूमिकामा छन्। त्यसैगरी, दीपाश्री निरौला, सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, इभा गिरी, सीता न्यौपाने, रितेश पौडेल (रितेशजंग खत्री)लगायतको पनि मुख्य भूमिका रहेको छ।

यो चलचित्रका प्रस्तुतकर्ता नवीन श्रेष्ठ हुन्। उनले यसअघि गतवर्ष 'लाज शरणम्' निर्माण गरेका थिए। चलचित्रको निर्मातामा काली रानी श्रेष्ठ छिन्।

'पाँच पाण्डव'मा कथा, पटकथा तथा संवाद सुशील पौडेलको रहेको छ। यो चलचित्र 'सोसल ड्रामा' भएको लेखक पौडेलले स्पष्ट पारेका छन्। उनका अनुसार चलचित्रले महाभारतका पाँच पाण्डवका चरित्र र बिम्बलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको कथा प्रस्तुत गर्नेछ। यो चलचित्रलाई श्याम तामाङले खिचेका छन्। चलचित्रमा सुप्रिम पराजुलीको सम्पादन तथा फाइट डाइरेक्टरमा सम्राट बस्नेत छन्। गम्भीर विस्ट र विक्रम स्वाँरको कोरियोग्राफी रहेको छ। रंग सम्पादन, अर्जुन पोखरेलको संगीत, उत्तम न्यौपानेको साउन्ड डिजाइन, सुजिल कर्माचार्यको बिजिएम, पुकार धिमालको भिएफएक्स, रोहित राज गौतम एचओपी र बिष्णु बुढाथोकी प्रोडक्सन म्यानेजर रहेका छन्। 'पाँच पाण्डव'लाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्मसले देशव्यापी वितरण गर्नेछ।

# पाँचथरेको कविता संग्रह 'समयको प्रतिविम्ब' लोकार्पण




■ प्रभाव संवाददाता

**काठमाडौं–** कवि वासुदेव अधिकारी 'पाँचथरे'को कविता संग्रह समयको प्रतिविम्ब लोकार्पण भएको छ। कल्पलता साहित्य परिवार टोखाले सोमबार आयोजना गरेको एक कार्यक्रममा पूर्वप्रधानमन्त्री झलनाथ खनाल, कल्पलता साहित्य परिवारका अध्यक्ष नरबहादुर बिसी, प्राडा हेमनाथ पौडेललगायतले उक्त कृति लोकार्पण गरेका हुन्।

प्रमुख अतिथि खनालले अधिकारीका कविताले वर्तमान समयको प्रतिबिम्ब जस्ताको त्यस्तै उतारेको तथा परिवर्तन र समाजवाद स्थापनामा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने सन्देश बोकेको प्रतिक्रिया दिए।

अर्का अतिथि प्राडा पौडेलले प्रकाशित कृतिको समीक्षा गर्दै यसमा वर्तमान समाजको गतिशील यथार्थ समेटिएको बताए। 'समाज विकृत छ, समाजमा धेरै नराम्रा पक्षहरू छन्, ती नराम्रा पक्षहरूलाई कविले तीखो गरी प्रहार गर्नुभएको छ र समाजमा नयाँ चेतना ल्याउने प्रयत्न यसमा गरिएको छ,' उनले भने। कृतिकार पाँचथरेले आफ्नो कृतिबारे संक्षिप्त प्रकाश पार्दै पहिलो कविता 'इमान' पढेर सुनाएका थिए। साहित्यकारहरू सोइना दाहाल, प्रेम राई परीक्षित र घनबहादुर थापाले पनि लोकार्पित कृतिबाट १/१ वटा कविता वाचन गरेका थिए। कार्यक्रममा कवि वेदनिधि निरालाले आफ्नै कविता वाचन गरेका थिए।

कल्पलता साहित्य परिवारका अध्यक्ष बिसीले कवि पाँचथरे र उनका कृतिले टोखा साहित्यमा प्रतिनिधिमूलक योगदान पुऱ्याउन सक्ने अपेक्षा राखेको बताए। पाँचथरे प्रगतिवादी कवि हुन्। उनले कृतिमा संग्रहित कवितामार्फत समाजका विकृतिप्रति निर्मम प्रहार गर्दै समाजलाई असल बनाउने प्रयत्न गरेका छन्। संग्रहमा समेटिएका धेरै कविता अविधात्मक भए पनि केहीमा बिम्ब, प्रतीकको यथेष्ट प्रयोग भएको छ। यसअघि 'खबरदार' र 'आँसुको भेल' कविता संग्रह प्रकाशित गरिसकेका पाँचथरेको यो तेस्रो कविता कृति हो।

## रंगशाला

**तेस्रो अन्तर्राष्ट्रिय आमन्त्रण कप**

# रेडहर्सलाई सडनडेथमा स्तब्ध पार्दै पुलिस सेमिफाइनलमा




■ प्रभाव संवाददाता

**पथरी–** रेडहर्स इलामलाई सडनडेथमा पराजित गर्दै विभागीय टोली नेपाल पुलिस क्लब तेस्रो अन्तर्राष्ट्रिय आमन्त्रण पथरीशनिश्चरे गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ।

पथरी रंगशालामा मंगलबार सम्पन्न खेलमा पुलिसले ४-३ को जित निकालेको हो। निर्धारित ९० मिनेट गोलरहित बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा पुगेको थियो। टाइब्रेकरमा दुवै टोलीबाट ४-४ गोल भएपछि सडनडेथबाट विजेताको टुंगो लगाइएको हो।

टाइब्रेकरमा पुलिसका राम वाजी, सुजन मगर, दशरथ गिरी र अमित टमाटाले गोल गरे। कृष्ण गुरुङको प्रहार भने रेडहर्सका गोलकिपर विवेक मगरले बचाए। यता रेडहर्सका श्याम मुर्मु, सुजन विक, पुजन थापा र विवेक सुनामले गोल गरे। विवेक मगरको प्रहार पुलिसका गोलकिपर अमित टमाटाले बचाए।

सडनडेथमा पुलिसका शिशिर चौधरी, सुवाश थारु, जोन विष्ट र विकास विकले गोल गरे। रेडहर्सका हेमन लिम्बू, जमिन लक्सम र विनोद धमलाले गोल गरे पनि विशाल दर्जीको प्रहार टमाटाले पन्च गर्दै बाहिर पठाएपछि पुलिस विजयी भयो। निर्णायक प्रदर्शन गरेका पुलिसका गोलकिपर टमाटा म्यान अफ दि म्याच घोषित भए। गोल्डकपको पहिलो सेमिफाइनलमा बुधबार झापा-११ र भारतको युकेएफसीबीच प्रतिस्पर्धा हुनेछ। पुलिस क्लबले भने फाइनल प्रवेशका लागि अर्को सेमिफाइनलमा एनआरटीसँग प्रतिस्पर्धा गर्नेछ। आठ टोली सहभागी गोल्डकपको विजेताले ६ लाख रूपैयाँ नगदसहित ट्रफी प्राप्त गर्नेछ।


**कोशी प्रदेश सरकार**

**स्वास्थ्य मन्त्रालय**

**मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर**

**दररेट सहित आधिकारिक बिक्रेतामा सुचिकृत हुन आउने बारेको सूचना**

**सूचना प्रकाशित मिति :- २०८३/०६/२१**

यस मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर सञ्चालनमा रहेका तपसिलमा उल्लेखित मेशिनरी उपकरणमा प्रयोग हुने रिएजेन्ट, केमिकल, किट्स, एसेसरिज तथा पार्टपुर्जाहरूको खरिद कार्यको लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ को १(ग) एवं सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (३) बमोजिम सम्बन्धित मालसामान उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेता सँग खरिद कार्य गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावलीको नियम ८५ (६) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। सुचिकृत हुन इच्छुक उत्पादक कम्पनी वा कम्पनीका आधिकारिक बिक्रेता/एजेन्ट/आपुर्तिकर्ताले कम्पनी/फर्म दर्ता (नविकरण सहित) प्रमाणपत्र, मु अ कर दर्ता प्रमाणपत्र, पछिल्लो आ. व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र, उत्पादक कम्पनीले आधिकारिक बिक्रेता भनी दिएको पत्र, आपूर्ति गरिने सामानहरू विदेशमा उत्पादन हुने भए सो खुल्ने प्रमाण, गत आ.व. मा सार्वजनिक निकायमा आधिकारिक बिक्रेता भइ मालसामान आपूर्ति गरेको भए सो को प्रमाण सहित चालु आ.व. २०८३/०८४ भर यस प्रयोगशालामा मालसामान उपलब्ध गराउने गरी प्याक साईज सहित ईकाई खुल्ने दररेट सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सुचिकृत हुन आउनु यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :-**

| S.N. | NAME OF INSTRUMENT |
|---|---|
| 1 | Fully Automated Biochemistry Analyser, ERBA XL640 |
| 2 | Fully Automated Biochemistry Analyser, DIATRON P 500 |
| 3 | Fully Automated Biochemistry Analyser, MINDRY BS 430 |
| 4 | Fully Automated Hematology Analyser, ERBA ELITE 580 |
| 5 | Fully Automated Hematology Analyser, MACCURA F 580 |
| 6 | Fully Automated Chemiliminescence Immunoassay MAGLUMI X3 |
| 7 | Fully Automated Chemiliminescence Immunoassay YHLO I FLASH 300 |
| 8 | Electrolyte Analyser Certium XL-1021 D |
| 9 | Electrolyte Analyser Curelyte CLE-0012 |
| 10 | Electrolyte Analyser Easylyte 7064 CNK |
| 11 | High Performance Liquid Chromatography Analyser HLC 723GX |
| 12 | Congulometer Analyser ERBA ECL 412 |
| 13 | MISPA I3 |
| 14 | Biomerieux BACT/ALERT 3D |
| 15 | X-ray DICOM imaging printer, Konica Minolta Inc. DRYPRO SIGMA-2 |
| 16 | X-ray DICOM imaging printer, Carestream Health Inc. DRY VIEW 5950 |
| 17 | X-ray DICOM imaging printer, Agfa Health Care DRYSTAR 5302 |
| 18 | CT SCAN DICOM imaging printer, Konica Minolta Inc. DRYPRO SIGMA-2 |



इजरायलको आगामी आमचुनावको तयारीका लागि इजरायलको किर्यात ग्याटमा रहेको एक छापाखानामा मतपत्र मिलाउँदै कामदार ।
*तस्विरः सिन्हवा*

# हालजेनलाई भौतिकशास्त्रको नोबेल पुरस्कार




**स्टकहोम–** बेल्जियममा जन्मिएका वैज्ञानिक फ्रान्सिस हालजेनले खगोलीय मूलका उच्च-ऊर्जा न्युट्रिनोको खोज तथा आइसक्यूब न्युट्रिनो वेधशालामा पुऱ्याएको योगदानका लागि यस वर्षको भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार प्राप्त गरेका छन् ।

रोयल स्विडिस एकेडेमी अफ साइन्सेजले मंगलबार स्टकहोममा पुरस्कार घोषणा गरेको हो । ८२ वर्षीय हालजेन अमेरिकाको विस्कन्सिन-म्याडिसन विश्वविद्यालयसँग आबद्ध छन् । उच्च-ऊर्जा न्युट्रिनो ब्रह्माण्डका अत्यन्त ऊर्जाशील स्रोतबाट आउने सूक्ष्म कण हुन् । उनको अनुसन्धान तथा आइसक्यूब न्युट्रिनो वेधशालामा पुऱ्याएको योगदानले यस्ता कणको खगोलीय मूल पहिचान र अध्ययनमा महत्त्वपूर्ण आधार तयार गरेको छ ।

यस वर्षको नोबेल पुरस्कारको रकम एक करोड २० लाख स्वीडिस क्रोनर रहेको छ । यो रकम करिब १२ लाख अमेरिकी डलर बराबर हो । पुरस्कार एक जना व्यक्ति, केही पुरस्कार विजेताको समूह वा कुनै संस्थालाई प्रदान गर्न सकिने व्यवस्था छ ।

गत वर्ष तीन जना वैज्ञानिकले परमाणुभन्दा साना कणमा देखिने 'क्वान्टम टनेलिङ' नामक असामान्य घटनासम्बन्धी अनुसन्धानका लागि भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार प्राप्त गरेका थिए । उनीहरूको अनुसन्धानले एमआरआई उपकरणबाट अत्यन्त संवेदनशील मापन गर्न सकिने प्रविधिको विकासमा सहयोग पुऱ्याउनुका साथै अझ प्रभावकारी मोबाइल फोन र तीव्र गतिको कम्प्युटर विकासका लागि आधार तयार गरेको थियो ।

यस वर्षको नोबेल पुरस्कार घोषणा सोमबार चिकित्साशास्त्रतर्फको पुरस्कारबाट सुरु भएको हो । सो पुरस्कार तीन जना वैज्ञानिकलाई प्रदान गरिएको छ । उनहरूको अनुसन्धानले मस्तिष्कले कसरी काम गर्छ भन्ने अध्ययनका लागि प्रकाशको प्रयोग गर्ने उपकरण विकास गर्न योगदान पुऱ्याएको छ ।

नोबेल पुरस्कारअन्तर्गत बिहीबार रसायनशास्त्र र साहित्यतर्फका पुरस्कार घोषणा गरिने छ । शुक्रबार शान्तितर्फको पुरस्कार प्रदान गरिने छ भने आगामी सोमबार आर्थिक विज्ञानतर्फको नोबेल स्मृति पुरस्कार घोषणा गरिने कार्यक्रम रहेको छ । *रासस/एपी*

# फ्रान्समा विद्यार्थी आन्दोलन चर्कियो, सयौं उच्च माध्यमिक विद्यालय प्रभावित




**पेरिस–** विद्यालय प्रणालीका लागि थप स्रोतसाधनको माग गर्दै किशोर-किशोरीले थालेको हप्तौं लामो राष्ट्रव्यापी आन्दोलनको समर्थनमा मंगलबार वयस्क प्रदर्शनकारीले ऱ्याली निकाले भने विद्यार्थीले पुनः उच्च माध्यमिक विद्यालयमा अवरोध खडा गरेका छन् । पेरिसको २०औं जिल्लामा रहेको 'हेलेन बुचर' उच्च माध्यमिक विद्यालयको प्रवेशद्वार अगाडि प्रदर्शनकारीले फोहोरका डब्बा र साइकल तेर्स्याएर अस्थायी अवरोध बनाएका थिए । देशभरका सयौं अन्य विद्यालयजस्तै यो विद्यालय पनि मंगलबार बन्द थियो । विद्यालयमा तोडफोडका घटना बढ्नुका साथै कर्मचारी, विद्यार्थी र प्रहरी घाइते हुन थालेपछि प्रदर्शनको तीव्रता कम गर्न अधिकारीले गत सातादेखि विद्यालय बन्द गर्न थालेका हुन् ।

मंगलबार बिहान अन्य सहर तथा नगरमा पनि प्रदर्शन भएको फ्रान्सेली सञ्चारमाध्यमले जनाएका छन् । राष्ट्रपति इम्यानुएल म्याक्रोनको सरकारलाई समेत दबाबमा पारेको उच्च माध्यमिक विद्यालयसम्बन्धी आन्दोलनको समर्थनमा मजदुर युनियनको आह्वानमा झण्डा र प्लेकार्ड बोकेका प्रदर्शनकारी ऱ्यालीमा सहभागी भएका थिए ।

पेरिसको एक विद्यालयबाहिर धातुको बारमा टाँसिएको हातले लेखिएको प्लेकार्डमा भनिएको थियो, 'तपाईं भन्नुहुन्छ, 'युवाहरू नै भविष्य हुन्', त्यसैले उनीहरूको कुरा सुन्नुहोस् ।' प्रहरीको दंगा नियन्त्रणसम्बन्धी हतियारका कारण युवा प्रदर्शनकारी गम्भीररूपमा घाइते भएका घटना बढ्दै गए पनि गृहमन्त्री लरेन्ट नुनेजले सरकारको कडा प्रतिक्रियाको बचाउ गरेका छन् । पछिल्लो घटना सोमबार भएको थियो, जसमा १५ वर्षीय एक किशोरको हात प्रहरीको 'स्टन ग्रेनेड'का कारण गम्भीररूपमा क्षतिग्रस्त भएको थियो ।

नुनेजले प्रदर्शनमा प्रहरीको प्रतिक्रिया लगभग सबै घटनामा परिस्थितिअनुसार उचित रहेको दाबी गरे । किशोर-किशोरीमाथि व्यापकरूपमा गिरफ्तारी, अश्रुग्यास तथा दंगा नियन्त्रणका हतियार प्रयोग गरिएको भन्दै आलोचना भइरहेको छ । यसले प्रदर्शनकारी युवामा थप आक्रोश बढाउनुका साथै केही अभिभावक र शिक्षकलाई आक्रोशित बनाएको छ । नुनेजका अनुसार हालसम्म प्रहरीले छ हजार १०० भन्दा बढीलाई पक्राउ गरेको छ भने ७१५ जना प्रहरी अधिकारी घाइते भएका छन् ।

मंगलबार 'हेलेन बुचर' विद्यालयबाहिर अभिभावक तथा अन्य वयस्क प्रदर्शनकारी र निगरानीमा खटिएका प्रहरीबीच उभिएका थिए । विद्यालयमा अवरोध र प्रदर्शन सेप्टेम्बरको मध्यतिर पेरिस क्षेत्रबाट सुरु भएको थियो । त्यसपछि यो आन्दोलन अन्य सहर तथा नगरमा पनि फैलिएको हो । प्रदर्शनकारीले विभिन्न गुनासो अघि सारेका छन्, जसको मुख्य केन्द्र फ्रान्सको राष्ट्रिय आदर्श वाक्य 'स्वतन्त्रता, समानता, भ्रातृत्व'को प्रतिज्ञाका बाबजुद विपन्न विद्यालयका विद्यार्थीले पर्याप्त स्रोत र अवसर नपाएको विषयमा छ ।

विद्यार्थीले डेस्क र कुर्सीजस्ता आधारभूत सामग्रीको अभाव, वातानुकूलन नभएका कारण गर्मीमा अत्यधिक तात्ने कक्षाकोठा तथा केही अवस्थामा मुसाको समस्या रहेको गुनासो गरेका छन् । कर्मचारीको अभाव र अत्यधिक कार्यभार पनि उनीहरूका प्रमुख गुनासोमध्ये छन् । फ्रान्सेली उच्च माध्यमिक तहका विद्यार्थीको अनिवार्य कक्षाकोठा समय युरोपमै सबैभन्दा धेरैमध्ये एक रहेको छ । *रासस/एपी*

# सन् २०३० सम्म विश्वलाई थप पाँच करोड शिक्षक आवश्यक पर्ने अनुमानः *युनेस्को*

**पेरिस–** सन् २०३० सम्म विश्वभर गुणस्तरीय शिक्षा सुनिश्चित गर्न करिब पाँच करोड थप शिक्षक आवश्यक पर्ने अनुमान गरिएको छ । विश्व शिक्षक दिवसका अवसरमा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को), अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्रसंघीय बाल कोष र अन्तर्राष्ट्रिय शिक्षा महासंघले सोमबार जारी गरेको संयुक्त सन्देशमा यस्तो प्रक्षेपण गरिएको हो ।

उक्त सन्देशअनुसार विश्वका सबै बालबालिकालाई प्राथमिक तथा माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्नमात्रै चार करोड ४० लाख थप शिक्षक आवश्यक पर्ने छ । यसबाहेक प्रारम्भिक बालशिक्षाको पहुँच विस्तार तथा गुणस्तर सुधार गर्न थप ६० लाख शिक्षक आवश्यक पर्ने अनुमान गरिएको छ । यसरी हेर्दा सन् २०३० सम्म विश्वमा कूल पाँच करोड नयाँ शिक्षकको आवश्यकता देखिएको हो ।

### शिक्षकको अभाव विश्वव्यापी चुनौती

विश्वका धेरै देशमा विद्यार्थीको संख्या बढ्दै गए पनि त्यसअनुसार शिक्षकको संख्या वृद्धि हुन नसक्दा शिक्षा क्षेत्रमा ठूलो चुनौती देखिएको छ । विशेषगरी विकासोन्मुख तथा न्यून आय भएका देशमा योग्य शिक्षकको अभाव अझ गम्भीर रहेको छ ।

शिक्षकको अभावले विद्यार्थी र शिक्षकबीचको अनुपातमा असर पार्नुका साथै कक्षाकोठामा व्यक्तिगत ध्यान, सिकाइको गुणस्तर र शैक्षिक उपलब्धिमासमेत प्रभाव पार्न सक्छ । त्यसैले आगामी वर्षहरूमा नयाँ शिक्षक नियुक्त गर्नुका साथै उनीहरूलाई आवश्यक तालिम, उचित पारिश्रमिक र सुरक्षित तथा सम्मानजनक कार्य वातावरण उपलब्ध गराउनु आवश्यक रहेको अन्तर्राष्ट्रिय संस्थाहरूले जोड दिएका छन् ।

### अनुभवी शिक्षकलाई पेसामा टिकाइराख्नुपर्ने

संयुक्त सन्देशमा नयाँ शिक्षक भर्ती गर्नुमात्रै पर्याप्त नहुने उल्लेख गरिएको छ । लामो समयदेखि शिक्षण पेसामा रहेका अनुभवी शिक्षकलाई पेसामै टिकाइराख्नु पनि उत्तिकै महत्त्वपूर्ण रहेको बताइएको छ ।

शिक्षकले आफ्नो पेसालाई सम्मानजनक र दीर्घकालीन करियरका रूपमा अनुभव गर्न सक्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । उचित पारिश्रमिक, सुरक्षित कार्यस्थल, व्यावसायिक विकासका अवसर, पदोन्नतिको सम्भावना र निर्णय प्रक्रियामा सहभागिताजस्ता विषयले शिक्षकलाई पेसामा टिकाइराख्न महत्त्वपूर्ण भूमिका खेल्ने जनाइएको छ ।

### महिला शिक्षकलाई नेतृत्वमा अवसर

विश्वव्यापी शिक्षा प्रणालीमा महिला शिक्षकको सहभागिता महत्त्वपूर्ण भए पनि नेतृत्वदायी पदमा उनीहरूको प्रतिनिधित्व अझै पर्याप्त नभएकोतर्फ पनि संयुक्त सन्देशले ध्यानाकर्षण गराएको छ ।

महिला शिक्षकलाई विद्यालय तथा शिक्षा प्रशासनका नेतृत्वदायी भूमिकामा पुग्ने समान अवसर उपलब्ध गराउनुपर्नेमा जोड दिइएको छ । नेतृत्वमा महिलाको सहभागिता बढाउँदा शिक्षा क्षेत्रमा लैंगिक समानता प्रवर्द्धन हुनुका साथै विद्यालय व्यवस्थापन र शैक्षिक नीति निर्माणमा विविध दृष्टिकोण समेट्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### शिक्षण पेसालाई आकर्षक बनाउनुपर्ने

शिक्षकको विश्वव्यापी माग पूरा गर्न शिक्षण पेसालाई युवाका लागि आकर्षक बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ । योग्य जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्न प्रतिस्पर्धात्मक पारिश्रमिक, राम्रो कार्य वातावरण, सामाजिक सम्मान र निरन्तर सिकाइका अवसर आवश्यक रहेको सन्देशमा उल्लेख गरिएको छ ।

त्यसैगरी, शिक्षकलाई केवल पाठ पढाउने व्यक्तिका रूपमा नभई विद्यार्थीको बौद्धिक, सामाजिक र भावनात्मक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने पेशेवरका रूपमा सम्मान गर्नुपर्नेमा जोड दिइएको छ ।

### शिक्षक दिवसको ऐतिहासिक महत्त्व

हरेक वर्ष अक्टोबर ५ मा विश्व शिक्षक दिवस मनाइन्छ । विश्वभर शिक्षकले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको सम्मान गर्नुका साथै शिक्षकका अधिकार, जिम्मेवारी र उनीहरूले सामना गरिरहेका चुनौतीबारे जनचेतना फैलाउने उद्देश्यले यो दिवस मनाइन्छ ।

यस वर्षको विश्व शिक्षक दिवसको अवसरमा शिक्षकको हैसियतसम्बन्धी महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सिफारिसपत्र स्वीकृत भएको ६० वर्ष पूरा भएको विषयलाई समेत स्मरण गरिएको छ । उक्त सिफारिसपत्रले शिक्षकका अधिकार तथा जिम्मेवारी, शिक्षकको प्रारम्भिक तयारी तथा थप शिक्षा, नियुक्ति प्रक्रिया, रोजगारीका अवस्था र शिक्षण तथा सिकाइको वातावरणसम्बन्धी महत्त्वपूर्ण मापदण्ड तय गरेको थियो ।

### शिक्षाको भविष्य शिक्षकमा निर्भर

विश्वमा सबै बालबालिकालाई समान र गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्य हासिल गर्न पर्याप्त संख्यामा दक्ष शिक्षक आवश्यक पर्ने देखिएको छ । शिक्षकको संख्या बढाउनुका साथै उनीहरूको क्षमता विकास, पेसागत सुरक्षा र सम्मान सुनिश्चित गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुने अन्तर्राष्ट्रिय संस्थाहरूको निष्कर्ष छ ।

सन् २०३० सम्म थप पाँच करोड शिक्षकको आवश्यकता पर्ने प्रक्षेपणले विश्व शिक्षा प्रणालीसामु रहेको ठूलो चुनौतीलाई उजागर गरेको छ । *रासस/सिन्ह्वा*


**मलेसियामा रोजगार** कम्पनी : MG FORCE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०६/२० | LT. No. 349153 | चलानी नं. ६०२६२१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY | 25 | 0 | 1700 | ६४,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २८ गते (14th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1428/074/075
AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606, Prithivi Narayan Ray (9851336976), Dipesh Ray Yadav (9705477497)
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com



**साउदी/कतारमा रोजगार** कम्पनी : ALABAD ALSUUDIYYA COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८३/०६/१९ | LT. No. 349000 | चलानी नं. ६०२६२१९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaner | 30 | 0 | 1000 | ४१,०१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VASCO SAFETY TRADING

पूर्व स्वीकृति मिति : २०८३/०६/१९ | LT. No. 349001 | चलानी नं. ६०२६२१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 2 | 0 | 1500 | ६३,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GENERAL LABOURER | 2 | 0 | 1000 | ४२,३०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २८ गते (14th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com



**कतार/युएइमा रोजगार** कम्पनी : LATIBULE BEAUTY LOUNGE

पूर्व स्वीकृति मिति : २०८३/०६/२० | LT. No. 349068 | चलानी नं. ६०२६२२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 3 | 1700 | ७१,९१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 1 | 1700 | ७१,९१३ | | | | | | | |

कम्पनी : AL NOUMAH BEAUTY CENTRE

पूर्व स्वीकृति मिति : २०८३/०६/२० | LT. No. 349067 | चलानी नं. ६०२६२२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | beautician/manicurist | 0 | 2 | 1500 | ६२,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AFTERGLOW BEAUTY CENTER

पूर्व स्वीकृति मिति : २०८३/०६/२० | LT. No. 349066 | चलानी नं. ६०२६२२२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautycian Masseur | 0 | 3 | 1500 | ६२,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician Manicurist/pedicurist | 0 | 6 | 1500 | ६२,९०४ | | | | | | | |
| 3. | Beautician/hairdresser | 0 | 4 | 1500 | ६२,९०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज २८ गते (14th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९१५०० | प्रति तोला – ० | प्रति तोला – ४४१५ |

## 'निजी क्षेत्रलाई नीति निर्माणको प्रक्रियामा सहभागी गराउनुपर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले जलवायु परिवर्तनका कारण निजी क्षेत्र, उद्योग-व्यवसाय र समग्र अर्थतन्त्रमा प्रतिकूल असर परिरहेको बताएका छन् ।

संघीय संसद्को संसदीय विशेष समितिको मंगलबार सिंहदरबारमा बसेको बैठकमा नेपालको वर्तमान परिस्थिति, विकासका चुनौती, हिमालय क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव तथा जलवायु न्यायका विषयमा छलफल गर्दै अध्यक्ष श्रेष्ठले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलनका लागि निजी क्षेत्रलाई पनि नीति निर्माण र कार्यान्वयनको प्रक्रियामा प्रभावकारी रूपमा सहभागी गराउनुपर्नेमा जोड दिए ।

अध्यक्ष श्रेष्ठले जलवायु परिवर्तनबाट सिर्जित विपद्का कारण उद्योग, व्यवसाय, पूर्वाधार तथा आपूर्ति प्रणालीमा ठूलो जोखिम बढेको भन्दै सरकार र निजी क्षेत्रबीच प्रभावकारी सहकार्य आवश्यक रहेको बताए । उनले जलवायु परिवर्तन र विपद्का कारण निजी क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ठूलो क्षति व्यहोर्नुपरेको उल्लेख गर्दै जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण र पुनःस्थापनाका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने बताए ।

अध्यक्ष श्रेष्ठले निजी क्षेत्रले जलवायु अनुकूल व्यावसायिक अभ्यास, हरित प्रविधि तथा दिगो उत्पादन प्रणालीमा लगानी बढाउनुपर्ने धारणा राखे । 'विपद् जोखिम न्यूनीकरणमा सरकारको मात्रै भूमिका पर्याप्त हुँदैन । निजी क्षेत्र, स्थानीय समुदाय, प्रदेश तथा स्थानीय तह र सम्बन्धित सरकारी निकायबीच समन्वय र साझेदारीलाई संस्थागत गर्न आवश्यक छ', उनले बताए ।

बैठकमा नेपालको जलवायु जोखिमका विषयलाई अन्तरराष्ट्रिय मञ्चमा थप प्रभावकारी ढंगले उठाउनुपर्ने धारणा व्यक्त भएको थियो । यस्तै भोटेकोशी-त्रिशूली करिडोरमा बाढी, पहिरो तथा अन्य जलजन्य विपद्को जोखिम बढिरहेको अवस्थामा अग्रिम सूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने विषयमा बैठकमा छलफल भएको थियो ।

बैठकमा नदीको प्राकृतिक बहावमा प्रतिकूल असर नपर्ने गरी जलविद्युत् तथा अन्य पूर्वाधार निर्माण गर्नुपर्ने, प्राकृतिक स्रोतको अत्यधिक दोहन रोक्दै दिगो स्रोत व्यवस्थापनको नीति अवलम्बन गर्नुपर्ने तथा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेकामा जोड दिइएको थियो ।

बैठकले जलवायु परिवर्तन, जलवायु न्याय, विपद् जोखिम न्यूनीकरण, पूर्वाधार विकास र निजी क्षेत्रको भूमिकालाई एकीकृत रूपमा अघि बढाउनुपर्ने निष्कर्ष निकाल्दै जलवायु परिवर्तनबाट सिर्जित जोखिमलाई विकासको मूलधारमा समेट्दै सुरक्षित, दिगो र जलवायु अनुकूल पूर्वाधार निर्माण तथा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने विषयलाई आगामी नीति तथा कार्यक्रमको महत्त्वपूर्ण आधार बनाउनुपर्नेमा जोड दिएको छ ।

## निर्यातको अवरोध हटे पाँच वर्षमा वस्तु तथा सेवा ११२ प्रतिशत बढ्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालबाट हुने वस्तु तथा सेवा निर्यातका प्रमुख अवरोध हटाउन सके पाँच वर्षमा निर्यात ११२ प्रतिशतसम्म बढाउन सकिने अध्ययनले देखाएको छ ।

एसियाली विकास बैंक (एडीबी), नेपाल आर्थिक पत्रकार समाज (सेजन) र दक्षिण एसिया व्यापार, अर्थशास्त्र तथा वातावरणसम्बन्धी निगरानी संस्था (सावती) ले मङ्गलबार संयुक्त रूपमा सार्वजनिक गरेको 'नेपालको वस्तु तथा सेवा निर्यातका अवरोध र सहायक पक्षहरू' विषयक अध्ययन प्रतिवेदनमा उक्त कुरा उल्लेख गरिएको हो ।

अध्ययनले महँगो कर्जाका कारण नेपाली उत्पादनको लागत बढ्नुका साथै आयातित कच्चापदार्थ तथा उत्पादनका लागि आवश्यक सामग्रीमा लाग्ने करले नेपाली वस्तुलाई अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न कठिन बनाएको देखाएको छ । कमजोर लजिस्टिक्स पूर्वाधार र उच्च ढुवानी लागत पनि निर्यातका प्रमुख अवरोध रहेको अध्ययनको निष्कर्ष छ ।

कार्यक्रममा अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायले नेपालले विप्रेषणमा आधारित विकास मोडलबाट निजी लगानी, निर्यात प्रतिस्पर्धात्मक क्षमता र रोजगारी सिर्जनामा केन्द्रित हुने दिशामा अघि बढ्नुपर्ने बताए ।

उनले सरकारले उक्त अध्ययनलाई भविष्यको वित्तीय नीति तर्जुमा, डिजिटलाइजेसन प्रवर्द्धन तथा विश्वव्यापी मूल्य शृंखलामा आबद्ध हुन मुख्य खाकाका रूपमा लिन सक्ने बताए ।

एडीबीका नेपालका देशीय निर्देशक अर्नो काउश्वाले नेपाल उच्च आय भएको मुलुकमा रूपान्तरण हुन प्रतिस्पर्धी निर्यातमा आधारित विकास मोडलतर्फ अघि बढ्नुपर्नेमा जोड दिए । उनले नेपालको वस्तु निर्यात निरन्तर सुस्त रहेको उल्लेख गर्दै सन् २००० मा कूल गार्हस्थ्य उत्पादनको १५.४ प्रतिशत रहेको निर्यात हिस्सा सन् २०२५ मा घटेर ५ प्रतिशतमा सीमित भएको बताए ।

उच्च आय भएको मुलुकमा रूपान्तरण हुन नेपालले विप्रेषणमा आधारित विकास मोडलबाट अघि बढेर उत्पादकत्व वृद्धि, आन्तरिक निजी लगानी, प्रत्यक्ष वैदेशिक लगानी र प्रतिस्पर्धी निर्यातमा आधारित मोडल अपनाउनुपर्ने उनको भनाइ थियो । सावतीका वरिष्ठ अनुसन्धान अधिकृत क्षितिज दाहालले अध्ययन प्रतिवेदनमा आधारित प्रस्तुतीकरण दिएका थिए । उनले अध्ययनका क्रममा जलवायु परिवर्तन निर्यातका लागि प्रमुख जोखिमका रूपमा देखिएको बताए । सर्वेक्षणमा सहभागीहरूले जलवायु परिवर्तनले अलैंची र चियाजस्ता प्रमुख निर्यातजन्य वस्तुको उत्पादनमा असर पारेको बताएका थिए ।

अध्ययनमा नेपालको निर्यात केही सीमित वस्तु र एउटै प्रमुख बजारमा केन्द्रित रहेको उल्लेख छ । सन् २०२२ देखि २०२४ सम्म नेपालको औसत वस्तु निर्यातको करिब ७१.९ प्रतिशत हिस्सा भारततर्फ गएको थियो । यसको वार्षिक औसत मूल्य करिब ९५८.७ मिलियन अमेरिकी डलर थियो । संयुक्त राज्य अमेरिका र युरोपेली संघमा क्रमशः १०.७ प्रतिशत र ६.७ प्रतिशत निर्यात भएको थियो । लत्ताकपडा सबैभन्दा बढी निर्यात हुने वस्तुगत श्रेणीमा रहेको छ ।

अध्ययनका क्रममा ५० वटा फर्मका प्रतिनिधिसँग अन्तर्वार्ता लिइएको थियो । तीमध्ये ३८ वटा निर्यातकर्ता थिए भने ४५ वटा फर्मले संरचनागत प्रश्नावली पूरा गरेका थिए । लगभग सबै फर्मले विभिन्न अवरोध सामना गरिरहेको बताएका छन् । औसतमा, ती अवरोध हटाउन सके पाँच वर्षमा अपेक्षाको तुलनामा निर्यात ११२ प्रतिशत बिन्दुले बढ्न सक्ने फर्महरूको अनुमान छ ।

अध्ययनअनुसार वित्तीय स्रोतमा पहुँच प्रमुख चुनौतीका रूपमा देखिएको छ । सर्वेक्षणमा सहभागी करिब ८४ प्रतिशत फर्मले यसलाई अवरोधका रूपमा उल्लेख गरेका छन् भने ५४ प्रतिशतले ठूलो वा गम्भीर अवरोधका रूपमा मूल्यांकन गरेका छन् । ब्याजदर सबैभन्दा ठूलो समस्या रहेको छ भने त्यसपछि ब्याजदरमा हुने उतारचढाव र धितोसम्बन्धी आवश्यकताहरू रहेका छन् । यसबाट साना तथा मझौला फर्महरू बढी प्रभावित छन् ।

आयातित वस्तु तथा उत्पादनका लागि आवश्यक सामग्रीमा लाग्ने कर अर्को प्रमुख समस्या रहेको छ । सर्वेक्षणमा सहभागी ४७ प्रतिशत फर्मले यसलाई ठूलो वा गम्भीर अवरोधका रूपमा मूल्यांकन गरेका छन् । लजिस्टिक्स, व्यापार पूर्वाधार, किफायती दरमा जग्गाको उपलब्धता तथा उत्पादनका लागि आवश्यक सामग्री आयात गर्न कठिनाइलाई पनि प्रमुख समस्याका रूपमा औंल्याइएको छ । भारतबाहेकका बजारमा निर्यात गर्ने फर्महरूले लजिस्टिक्स र व्यापार पूर्वाधारलाई प्रमुख समस्याका रूपमा उल्लेख गरेका छन् ।

फर्महरूले सीमित सरकारी सहयोग, नेपाल अतिकम विकसित मुलुकको हैसियतबाट स्तरोन्नति भएपछि निर्यातमा पर्ने प्रभावबारे सीमित जानकारी, ई-कमर्सका क्षेत्रमा रहेका अवरोध तथा जलवायु परिवर्तनलाई उदीयमान जोखिमका रूपमा उल्लेख गरेका छन् ।

अध्ययनमा निर्यातकर्ताहरूले बढ्दो नेपाली डायस्पोरा र उनीहरूसँग रहेको व्यावसायिक सम्पर्क, भारतीय बजारमा भन्साररहित पहुँच तथा खरिदकर्तामार्फ नेपालको सकारात्मक छविलाई निर्यातका सकारात्मक पक्षका रूपमा उल्लेख गरेका छन् । व्यापार मेला, गन्तव्य बजारमा रहेका व्यक्तिगत सम्बन्ध, निर्यात गृह तथा डिजिटल मार्केटिङले पनि निर्यात वृद्धि गर्न सहयोग पुऱ्याएको अध्ययनले देखाएको छ ।

सूचना प्रविधि क्षेत्रका सम्बन्धमा अध्ययनले डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको विश्वव्यापी माग बढिरहेको उल्लेख गरेको छ । सन् २०२२ मा नेपालको आईटी सेवा निर्यातबाट करिब ५१५ मिलियन अमेरिकी डलर आम्दानी भएको अनुमान गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा ६४.२ प्रतिशत बढी हो ।

यद्यपि, डाटा संरक्षण, साइबर सुरक्षा र बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी कमी, समग्र आईटी निर्यात नीतिको अभाव, सफ्टवेयरजस्ता सामग्रीका लागि आवश्यक विदेशी मुद्रा प्राप्त गर्न कठिनाइ, कमजोर डिजिटल पूर्वाधार तथा दक्ष जनशक्तिको अभावलाई चुनौतीका रूपमा पहिचान गरिएको छ । दक्ष जनशक्तिको बढ्दो उपलब्धता, तुलनात्मक रूपमा कम ज्याला तथा डायस्पोरासँगको सम्बन्धलाई यस क्षेत्रका प्रमुख सकारात्मक पक्षका रूपमा उल्लेख गरिएको छ ।

### कर्पोरेट

## ग्लोबल आइएमई बैंकको डिसिइओ रेग्मी र एसिइओमा अकेलाको बढुवा



**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृत (डिसिइओ) पदमा दीपचन्द्र रेग्मी र सहायक प्रमुख कार्यकारी अधिकृत (एसिइओ) पदमा बुद्धि अकेला बढुवा भएका छन् । मंगलबार बसेको बैंक सञ्चालक समितिको बैठकको निर्णयानुसार उनीहरूलाई उक्त पदमा बढुवा गरेको हो ।

नवनियुक्त नायब प्रमुख कार्यकारी अधिकृत रेग्मी बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत थिए । सन् २००७ मा स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालबाट बैंकिङ करिअर सुरु गरेका रेग्मी सन् २००९ देखि ग्लोबल आइएमई बैंकमा आबद्ध छन् । उनले बैंकको प्रमुख वित्तीय अधिकृत (सिएफओ), प्रमुख मानव संसाधन अधिकृत (सिएचआरओ), प्रमुख कर्जा अधिकृत (सीएलओ) तथा ट्रेड फाइनान्स प्रमुखको जिम्मेवारी सम्हालिसकेका छन् । उनी बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लिमिटेडको सञ्चालक समिति अध्यक्ष समेत रहेका छन् ।

त्यस्तै अकेला हाल बैंकको नायब महाप्रबन्धक पदमा कार्यरत थिए । बैंकिङ क्षेत्रमा २२ वर्षभन्दा लामो अनुभव सँगालेका अकेलाले सन् २००४ मा नेपाल बैंक लिमिटेडबाट नायब प्रबन्धकका रूपमा आफ्नो बैंकिङ करिअर सुरु गरेका थिए । उनी सन् २००६ देखि ग्लोबल आइएमई बैंकमा निरन्तर आबद्ध छन् ।

आफ्नो लामो बैंकिङ यात्राका क्रममा उनले एकीकृत जोखिम व्यवस्थापन, व्यवसाय विस्तार, शाखा सञ्चालन, कर्जा प्रशासन तथा आन्तरिक लेखापरीक्षण जस्ता प्रमुख विभागहरूमा कुशलतापूर्वक जिम्मेवारी सम्हालिसकेका छन् । हाल उनी बैंकको प्रमुख जोखिम अधिकृत (सिआरओ) को जिम्मेवारीमा कार्यरत थिए ।

यसका साथै, अकेला बैंकको सहायक कम्पनी ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समिति अध्यक्षको भूमिकासमेत सम्हाल्दै आएका छन् ।

## एनसेल ग्राहकलाई ट्रान्क्विलिटी स्पामा विशेष छुट

**काठमाडौं (प्रस)–** एनसेलका ग्राहकहरूले अब ट्रान्क्विलिटी स्पामा स्पा तथा सौन्दर्य सेवाहरूमा बाइ वान गेट वान अफर र विशेष छुटहरूको लाभ लिन सक्ने भएका छन्। एनसेल र ट्रान्क्विलिटी स्पाबीचको यो साझेदारीसँगै यी योजनाहरू सार्वजनिक गरिएका हुन् ।

साझेदारी अन्तर्गत, रु. ४९९ वा सोभन्दा बढी मूल्यको प्रिपेड प्याक वा पोस्टपेड प्लान खरिद गर्ने ग्राहकहरूले सिग्नेचर मसाज, बडी स्क्रब, शिरोधारा र प्रिमियम केयर फेसियलमा बाइ वान गेट वान अफर पाउनेछन्। यसले दुई जनालाई एकको मूल्यमा सेवा उपभोग गर्ने सुविधा उपलब्ध गराउँछ । एक्लै सेवा लिने ग्राहकहरूले




स्पा सेवामा २५ प्रतिशत र ब्युटी सेवामा २० प्रतिशत छुट पाउनेछन्। यी लाभहरू नेपाली नागरिकहरूका लागि मात्र उपलब्ध छन् । रु. ९९ देखि रु. ४९९ भन्दा कम मूल्यका प्याक वा प्लान उपभोग गर्ने ग्राहकहरूले पनि विशेष लाभ पाउन सक्नेछन् । युवा तथा अन्य ग्राहकहरूले स्पा सेवामा एकमुस्ट २० प्रतिशत छुट पाउनेछन् भने पर्यटकहरूले १० प्रतिशत छुट पाउनेछन् ।

यो साझेदारी सम्झौता हालै मात्र एक कार्यक्रमबीच एनसेलका प्रोडक्ट्स डाइरेक्टर ललित शारडा र ट्रान्क्विलिटी स्पाका चिफ अपरेटिङ अफिसर रनिल फैजुले आदानप्रदान गरेका थिए ।

## पोखरा फाइनान्सका ग्राहकलाई स्काइवाकमा १५ प्रतिशत छुट



**काठमाडौं (प्रस)–** पोखरा फाइनान्स लिमिटेडका ग्राहकले कमलादी-२८, काठमाडौंस्थित स्काइवाकमा टिकट खरिद गर्दा १५ प्रतिशत छुट पाउने भएका छन् ।

पोखरा फाइनान्स र वन्डर नेपाल प्रालि अन्तर्गतको स्काइवाकबीच ग्राहक सुविधा विस्तारसम्बन्धी सम्झौता भएको हो । सम्झौताअनुसार पोखरा फाइनान्सका ग्राहकले स्काइवाकको टिकट खरिद गर्दा १५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।

ग्राहकलाई थप सुविधा तथा लाभ उपलब्ध गराउने उद्देश्यले गरिएको उक्त सहकार्यबाट पोखरा फाइनान्सका ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास फाइनान्सले व्यक्त गरेको छ । पोखरा फाइनान्सले हाल ३८ वटा शाखामार्फत नगद कारोबार, आरटीजीएस, आईपीएस, कनेक्ट आईपीएस, रेमिट्यान्स, क्लियरिङ, सीआईएसलगायतका बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ । साथै, फाइनान्सले मोबाइल बैंकिङ, डेबिट कार्ड, क्यूआर कोडलगायतका डिजिटल बैंकिङ सुविधा पनि उपलब्ध गराउँदै आएको छ ।

## विराट ट्रेडमा एक अर्बभन्दा बढीको कारोबार हुने अपेक्षा

■ प्रभाव संवाददाता

**विराटनगर–** विराट व्यापार संघको आयोजनामा यही असोज २२ देखि ३० गतेसम्म 'विराट ट्रेड फेयर' सञ्चालन हुने भएको छ ।

विराटनगर महानगरपालिकाको जैन भवनमा हुने उक्त ट्रेड फेयरमा रु एक अर्बभन्दा बढीको कारोबार हुने संघका अध्यक्ष प्रमोद अग्रवालले जानकारी दिए ।

संघद्वारा मंगलबार आयोजित पत्रकार सम्मेलन उक्त व्यपार मेलामा १०० वटा प्रदर्शनी कक्ष रहने अध्यक्ष अग्रवालले बताए । दसैंको समयमा स्थानीय व्यापार व्यवसायलाई चलायमान बनाउने उद्देश्यले फेयर आयोजना गर्न लागिएको उनले स्पष्ट पारे । मेलाको करिब एक लाख २५ हजारभन्दा बढी नागरिकले अवलोकन गर्ने अपेक्षा गरिएको छ ।

उद्योगबाट सिधैं उपभोक्तासम्म सामान पुऱ्याउने र भारी छुटमा सामग्री उपलब्ध गराउने उद्देश्यले आयोजना गर्न लागिएको व्यापार मेलामा अटोमोबाइल, कपडा, जुत्ता, फर्निचर, टायल, प्लम्बिङ लगायतका स्थानीय उत्पादनका सामग्री उपलब्ध हुने जानकारी दिइयो । उक्त व्यापार मेलामा विभिन्न स्थान विशेषका पहिचान बोकेका स्थानीय घरेलु उद्योगका सामग्री तथा ढाका कपडा, मह, अचार, भोजपुरे खुकुरी लगायतका स्थानीय उत्पादन राखिने छ ।

मेलामा चिनी, चामललगायतका अत्यावश्यक सामग्री खाद्य संस्थानबाट छुट मूल्यमा उपलब्ध हुने आयोजकले जनाएको छ । मेलामा नेपाली उत्पादनसँगै भारत, पाकिस्तान र बंगलादेशका उत्पादन समेत राखिने जनाइएको छ । बालबालिका तथा विद्यार्थीलाई आकर्षित गर्न पहिलो पटक मेलामा रोबोट प्रदर्शन र पूर्व क्षेत्रका पर्यटकीय क्षेत्र तथा दुर्गा पूजासँग सम्बन्धित आकर्षक सेल्फी जोनसमेत निर्माण गरिने छ ।

विराट व्यापार संघले १५ वर्षपछि दोस्रो पटक विराटनगरमा व्यापार मेला आयोजना गर्न लागेको हो । उक्त मेला आयोजनामा विराटनगर महानगरपालिका, कोशी प्रदेश सरकार, उदय परियोजना, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा उद्योग संगठन मोरङलगायतका निकायको सहयोग तथा सहकार्य छ ।

## दोहोरो अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार दोहोरो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ११ दशमलव ९६ अंकले बढेर दुई हजार ५७८ दशमलव ७३ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई अंकले बढेर ४६१ दशमलव ८६ मा पुगेको छ ।

त्यसैगरी फ्लोट सूचक शून्य दशमलव ८२ अंकले बढेर १७७ दशमलव ७१ मा पुगेको छ ।

यसैगरी सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ७५ अंकले बढेर १५५ दशमलव ८४ मा पुगेको छ । विभिन्न कम्पनीका ८९ लाख ५५ हजार २३० कित्ता सेयर रु तीन अर्ब १३ करोड ८१ लाख १९ हजार ५२८ मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये ११ उपसमूह बढ्यो भने दुई उपसमूह घट्यो ।

१६९ कम्पनीको सेयर बढ्यो भने ९५ कम्पनीको सेयर घट्यो । त्यसैगरी १५ कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार त्रिशूली जलविद्युत् कम्पनी, साल्पा विकास बैंक, हाथवे इन्भेष्टमेन्ट नेपाल लगायतका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी सर्वोत्तम पेन्ट्स, एनआइबिएल ग्रोथ फण्ड, चिर्खवा हाइड्रोपावर लगायतका कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ